नगरपालिकाबाट स्वीकृत मिति - २०८०/०३/१३

# शितगंगा नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

ठाडा अर्घाखाँची

लुम्बिनी प्रदेश, नेपाल

शितगंगा नगरपालिका

# शितगंगा कृषि/पशु अनुदान कार्यविधि, २०८०

# शितगंगा कृषि/पशु अनुदान कार्यविधि, २०८०

**प्रस्तावना**

शितगंगा नगरपालिका क्षेत्रभित्रका किसानहरुलाई ब्यवसायिक र प्रतिष्पर्धी बनाई उनीहरुको आय बृद्धि गरी स्वालम्बी बनाउन बाञ्छनिय भएकोले शितगंगा नगरपालिकाको प्रशासकीय कार्यविधि निर्माण गर्ने ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी शितगंगा नगरपालिकाको २०८०/०३/१३ गते बसेको बैठकले यो कार्यबिधि स्वीकृत गरेको छ ।

## परिच्छेद -१

## संक्षिप्त नामा र प्रारम्भ

१- संक्षिप्त नामः- यस कार्यबिधिको नाम **शितगंगा कृषि/पशु अनुदान कार्यबिधि २०८०** रहने छ ।

२- प्रारम्भ - यो कार्यबिधि तुरुन्त प्रारम्भ हुनेछ ।

## परिच्क्षेद -२

## परिभाषा

विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिकोमा,

क) “नगरपालिका" भन्नाले शितगंगा नगरपालिकालाई सम्झनु पर्दछ ।

ख) “नगरप्रमुख" भन्नाले शितगंगा नगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ ।

ग) “नगर उप- प्रमुख" भन्नाले शितगंगा नगरपालिकाको नगर उप- प्रमुख सम्झनु पर्दछ ।

घ) “प्रमुख प्रशासकीय अधिकृत" भन्नाले शितगंगा नगरपालिकाको प्रमुख प्रशसकीय अधिकृत सम्झनु पर्दछ ।

ङ) “आर्थिक विकास समितिको संयोजक" भन्ननले नगरपालिकाको विषय क्षेत्रगत समिति अन्तर्गतको आर्थिक विकास समितिको संयोजक सम्झनु पर्दछ ।

च) “वडा" भन्ननले शितगंगा नगरपालिककाका सबै वडाहरुलाई सम्झनु पर्दछ ।

## परिच्छेद - ३

## कृषि अनुदान वितिरणका क्षेत्रहरु

**क) साना सिचाई**- ब्याक्तिगत, व्यावसायिक वा सहकारी आवद्ध भएर खेती गर्ने कृषकहरुलाई नगरपालिका तथा वडा कार्यालयबाट साना सिचाई, कुलो मर्मत पाईप ७५ प्रतिशत अनुदानमा वितरण गरी खेती योग्य जमिनमा सिंचाईको व्यावस्था गरिनेछ ।

**ख) साना औजार**- ब्याक्तिगत, व्यावसायिक फर्म, समुह र सहकारीमा आवद्ध कृषकहरुलाई नगरपालिका तथा वडाहरु मार्फत कृषि तर्फ विनियोजन भएका रकमबाट हाते टयाक्टर, पावरटिलर, थोपा सिचाई प्रणालीहरु र प्लाष्टिक टनेलमा ५०% अनुदान दिईनेछ ।

**ग) बीउ तथा विरुवा वितरण** - नगरपालिका र वडाहरुमा विनियोजन भएको कृषि तर्फको रकमबाट कृषकहरुलाई निम्न अनुसारको मापदण्डमा रहि विउ तथा विरुवाहरु वितरण गर्न सकिनेछ ।

१) नयाँ उन्मोचित जातहरुको खाद्यान्न तथा तरकारीका मौषमि तथा बेमौषमी विउहरु (मिनिकिट) निःशुल्क वितरण गर्न सकिने छ ।

२) खाद्यान्न, तरकारी र मसला जन्य बालिहरुको उन्नत तथा मुल विउ, च्याउको विउ, किटनाषक विषादी र अन्य उत्पादन सँग सम्बन्धि कृषि जन्य बस्तुहरु ७५ प्रतिशत अनुदानमा वितरण गर्न सकिने छ ।

३) हिउँदे तथा बर्षे फलफुलका विरुवाहरु कृषकको माग र कार्यक्रमको आधारमा ५० प्रतिशत अनुदानमा वितरण गर्न सकिने छ ।

**घ) उत्पादनमा आधारित अनुदान वितरण** - शितगंगा नगर क्षेत्र भित्र गरिने खाद्यान्न, तरकारी, मसलाबाली र फलफुल खेति गरिरहेका कृषकहरुलाई तपसिल अनुसारको मापदण्डको आधारमा रहि उत्पादनमा आधारित अनुदान उपलब्ध गराईने छ ।

१) तरकारी बालिको हकमा कम्तिमा ३ रोपनी क्षेत्रफलमा खेति गरेको र त्यस क्षेत्र भित्र कम्तिमा ३ वटा प्लाष्टिक टनेल निर्माण गरि खेति गरेका कृषकहरुलाई प्रति रोपनी ५ हजारका दरले अनुदान उपलब्ध गराईने छ ।

२) **अदुवा तथा बेसार बालीः-** अदुवा तथा बेसार खेतिको हकमा कम्तिमा ३ रोपनी क्षेत्रफलमा खेति गरेका कृषकहरुलाई प्रति रोपनीको रु. ५ हजारका दरले अनुदान उपलब्ध गराईने छ ।

३) **खाद्यान्न तथा तरकारीको वीउ उत्पादनः-** खद्यान्न तथा तरकारीको वीउ उत्पादनको हकमा, खाद्यान्न बालिको मुल तथा उन्नत विउ उत्पादन गरेमा प्रति के.जी रु. १० र तरकारीको मुल तथा उन्नत विउ उत्पादन गरेमा प्रति के.जी रु ५० का दरले अनुदान उपलब्ध गराईने छ ।

४) **च्याउ खेतिः-** च्याउ खेतिको हकमा प्रति कृषक कम्तिमा ३ वटा टनेल (च्याउ घर) निर्माण गरि ब्यवसायिक रुपमा च्यउ खेति गरेका कृषकहरुलाई प्रति टनेल रु. २ हजारका दरले अनुदान उपलब्ध गराईने छ ।

५) **माहुरी पालनः-** माहुरीको हकमा प्रति कृषक कम्तिमा १० वटा स्थानीय जातको माहुरी सहितको उन्नत घारमा माहुरी पालन गरेको र कम्तिमा बार्षिक ३० के.जी मह उत्पादन गरि विक्रि गर्ने कृषकलाई प्रति के.जी . रु . ५० रुपैयाका दरले अनुदान उपलब्ध गराईने छ ।

६) **फलफुल खेतिः-** फलफुल खेतिको हकमा यस नगर क्षेत्र भित्र लागईने हिउदे तथा बर्षे फलफुलका विरुवाहरु कम्तिमा ५ रोपनि क्षत्रफलमा एकल बालिको रुपमा चक्ला बन्दिमा

लगाउने कृषकलाई प्रतिबोट १००/- का दरले विरुवा लागउन खाडल खनि जग्गा तयार गरिसकेपछि अनुगमन गरि सो को प्रतिबेदनको आधारमा अनुदान उपलब्ध गराईने छ ।

७) **केरा खेतिः-** केरा खेतिको हकमा कम्तिमा ५ रोपनि क्षेत्रफलमा एकल बालिको रुपमा चक्लाबन्दिमा खेति गरेका कृषकहरुलाई प्रति रोपनि ५०००/- दर ले उत्पादन हुने बर्षमा अनुदान उपलब्ध गराईने छ।

## परिच्छेद - ४

## पशु अनुदान वितरणका क्षेत्रहरु

**क)** जिउदो तौलको आधारमा खसी बोका बिक्रि गर्दा कम्तीमा १५० के.जी. बिक्री गरेको कृषकलाई प्रति के.जी. रु.५० का दरले अनुदान दिइने व्यवस्था मिलाइने छ ।

**ख)** स्थानिय कुखुराको मासु प्रति कृषकले कम्तीमा ७५ के.जी. उत्पादन गरी बिक्री गरेको कृषकलाई प्रति के.जी. रु. ५० का दरले अनुदान दिइने व्यवस्था मिलाइने छ ।

**ग)** दुग्ध उत्पादनको क्षेत्रमा प्रति कृषकले बार्षिक कम्तीमा १८०० लि. का दरले कृषी पशु संकलन / उपच केन्द्र वा दुग्ध सहकारीमा बिक्री गरेको रेकर्डको आधारमा प्रति लिटर रु. ३ का दरले अनुदान दिइने व्यवस्था मिलाइने छ ।

**घ)** माछा तर्फ रेम्बो ट्राउट माछाको हकमा १५० के.जी. बिक्री गर्ने कृषकलाई प्रति के.जी. रु. १०० का दरले अनुदान दिने र अन्य माछाको हकमा माछा पालन गरेको कृषकलाई कम्तीमा १ रोपनी लाई रु. १०,००० का दरले अनुदान दिइने व्यवस्था मिलाइने छ ।

**ङ)** बंगुर पालन ब्यवसाय तर्फ पाठा पाठी उत्पादन गरी बिक्री गर्ने कृषकलाई प्रतिवर्ष कम्तीमा ५० गोटा पाठा पाठी बिक्री गरे बापत प्रति गोटा रु. १०० का दरले अनुदान दिइने व्यवस्था मिलाइने र मासुको हकमा प्रती कृषकले न्यूनतम ५०० के.जी. बिक्री गर्ने कृषक लाई प्रति के.जी. रु. १० का दरले अनुदान दिइने व्यवस्था मिलाइने छ ।

**च)** गाई भैसीको पशु बिमा गर्ने कार्यलाई नगरभरि अभियानका रुपमा सञ्चालन गरिनेछ । कम्तीमा ५ वा सो भन्दा बढी दुहुना गाई भैसी पालन गर्ने कृषकहरुलाई पशु बिमा निशुल्क गरिनेछ । यसरी प्राप्त हुने अनुदानका लागी बिमा गरेको कागजको प्रतिलिपि अनिवार्य पेश गर्नुपर्नेछ ।

**छ)** प्रजननको लागि उन्नत राँगो तथा बहर पालक कृषकलाई आर्थिक वर्षको एक पटक मात्र रु. ५ हजार प्रोत्साहन अनुदान प्रदान गरिनेछ ।

**ज)** कृषि प्रयोजनका लगि हल गोरु पालक कृषकलाई आर्थिक वर्पको एक पटक मात्र रु. ५ हजार प्रोत्साहन अनुदान प्रदान गरिनेछ ।

## परिच्छेद - ५

## कृषि अनुदान वितरण

१) शितगंगा नगरभित्र ब्यवसायिक रुपामा गरिने नगदे /औद्योगिक बालि,तरकारी तथा फलफुल बालि, मसला तथा जडिबुटि खेति तथा पशुपंक्षी पालन गर्ने तथा गरिरहेका कृषक/कृषि फर्म/कृषक

समुह/कृषि सहकारीहरुलाई कृषि क्षेत्र विस्तार, प्रवर्द्धन तथा बजारिकरण गर्न कृषि अनुदान स्वरुप नगद तथा जिन्सि समान निबेदकको मागका आधारमा आवश्यक्ता पहिचान गरि कार्यपालिकाको बैठकको निर्यण बमोजिम रु पाँच लाखमा नबढ्ने गरि अनुदान उपलब्ध गराउन सकिने छ ।

२) परिच्छेद- ३ को घ बमोजिम अनुदान प्राप्त गर्न अनुसुचि ३ बमोजिमको मापदण्ड पुरा गरेको हुनु पर्ने छ ।

३) **तालिम-** कृषकहरुलाई व्यवसायिक बनाउन र नयाँ प्रविधिहरु सिकाउने खालका तालिम कार्यक्रमहरु नगरपालिका तथा वडाहरुबाट प्रदान गरिनेछ ।

## परिच्छेद-६
## अनुदान सम्बन्धि ब्यवस्था

**क)** परिच्छेद ३ को घ मा ब्यवस्था भए बमोजिमको अनुदान प्रदान गर्नका लागि प्रत्येक वडामा कम्तिमा एउटा कृषि तथा पशुपालक सहकारी संस्था वा समुह गठन गरिने छ ।

**ख)** यस्ता कृषक/कृषि सहकारी वा कृषक समुहले अनुदान प्राप्त गर्नको लागि आफुले खेति गरिरहेको बालि वा फलफुलको क्षेत्रफल वा बोटको संख्या खुलाई वडाको सिफारिस सहित यस नगरपालिकाको कृषि विकास शाखामा प्रत्यक आर्थिक बर्षको पहिलो चौमाषिक सम्ममा बुझाउनु पर्नेछ अन्यथा अनुदान दिन यस नगरपालिका बाध्य हुने छैन ।

**ग)** कृषकहरुले खेति गरेको जग्गाको न्युनतम क्षेत्रफल प्रमाणिकरणको लागि यस नगरपालिकाको अमिनबाट नाप गरि प्रमाणित गरेको प्रमाण पेश गर्नु पर्ने छ ।

**घ)** आफुले उत्पादन गरेको कृषि उपजको बिक्रिको रेकर्ड अनुसुची २ बमोजिम राखि अनुदान माग दाबि गर्दा पेश गर्नु पर्ने छ ।

**ङ)** अनुदान रकम सिफारीस गर्दा सम्बन्धित सहकारीहरुले सिफारीस गर्नुका साथै अनुसुची २ प्रमाणित गरी नगरपालिकामा पठाउनु पर्नेछ र यसरी पठाउदा सम्बन्धित वाडा कार्यालयको सिफारीस समेत अनिवार्य हुनुपर्नेछ ।

**च)** सहकारी वा समुहबाट सिफारिस भएका अनुदानग्राहीहरु फर्जि वा मापदण्ड पुरा गर्न कम उत्पादन भएकोलाई बढी उत्पादन भएको भनी सिफारिस गरेमा ती सहकारी र समुहहरुको दर्ता खारेज गरी कालो सुचीमा राखिनेछ ।

**छ)** परिच्छेद ६ को क बमोजिम गठित अनुगमन तथा मुल्याङ्कन समितिले अनुगमन गरि पेश गरेको प्रतिबेदन झुठो ठहरिएमा यस नगरपालिकाको काननुन बमोजिम कार्बाहि गरिनेछ ।

**ज)** यस नगरपालिकाबाट अनुदान वितरण गर्दा तरकारी, अदुवा र बेसारको हकमा कम्तिमा ३ रोपनि र बढीमा १० रोपनि सम्म खेति गरेका कृषकहरुलाई अनुदान उपलब्ध गराईने छ ।

**झ)** सहकारी तथा समुह गठन गर्दा तपसिल अनुसारको प्रकृया तथा कागजातहरु पुरा गरेको वा पेश गरेको हुनु पर्नेछ, साथै अनुसुची १ बमोजिमको निवेदन दिएर दर्ता हुनु पर्नेछ ।

**तपसिल**

१) समुह,समिति,सहकारी गठन भइ कार्यक्रम सचालन गरेको ६ महिना पुगेको निर्णयको प्रतिलिपी ।

२) समुह,समितिका कार्य समितिका पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी ।

३) कृषि क्षेत्रमा काम गर्ने प्रतिवद्धता

४) सम्बन्धित वडा कार्यालयको सिफारीस

५) कार्य योजना

६) फार्म दर्ताको लागि नागरिकताको प्रतिलिपी

७) फार्म सचालन भएको जग्गाको लालपुर्जाको प्रतिलिपी

८) फार्म सचालन गरेको जग्गा भाडामा लिएको भए सम्झौताको प्रतिलिपि

९) समूह समितिको विधान

# परिच्छेद - ६
# कृषि अनुदान कार्यक्रम

## १. फलफुल

उद्धेश्यः स्थानीय भौगोलिक संभाव्यताका आधारमा विभिन्न फलफुल बालीको व्यावसायीक उत्पादन गरी स्थानीय स्तरमा उपभोग तथा बजारीकरण प्रवद्धन गर्ने ।

### १.१ कागती

यस कार्यविधि बमोजिम कागति खेती गर्न चाहने कृषकहरुले कागतीको व्यावसायिक खेती गर्नका लागि यस नगरपालिकाको कार्यालय वा सम्बन्धित निकायमा विधिवत रुपमा आफ्नो व्यवसाय दर्ता गरेको हुनुपर्नेछ । कागती खेती गर्नका लागि निजी कृषक, सम्बन्धित कृषक समूहले सिफारिस गरेका बढीमा ३ जना कृषक समूहका सदस्य तथा सम्बन्धित कृषि सहकारीले सिफारिस गरेका बढीमा ५ जना कृषि सहकारीका सदस्यहरु योग्य हुनेछन् तर कागती खेती गर्ने जग्गा कृषकको निजी स्वामित्वमा हुनुपर्नेछ र कागती लगाउने न्यूनतम संख्या ५० हुनुपर्नेछ । यस कार्यविधि बमोजिम अनुदान तथा सहयोग प्राप्त गर्नका लागि कागती खेती शुरुवात गर्न लागेका कृषकहरुले कागतिको बेर्ना लगाउने सिजन भन्दा २ महिना अगावै कृषक/कृषक समूहका सदस्य/कृषि सहकारीका सदस्यहरुले शितगंगा नगरकार्यापालिकाको कार्यालयमा आफ्नो संक्षिप्त व्यावसायिक योजना पेश गर्नुपर्नेछ । कृषक/कृषक समूहका सदस्य/कृषि सहकारीका सदस्यहरुले न्युनतम ५० वटा कागतीको बेर्ना लगाउने दिन भन्दा ५ दिन अगावै १ मिटर लम्बाइ ,१ मिटर चौडाइ तथा १ मिटर गहिराइ भएको खाडल तयारी गरेको हुनुपर्नेछ र बेर्ना रोपणको लागि आवश्यक मलखाद तथा उपकरणहरुको प्रबन्ध गरेको हुनुपर्नेछ । उक्त खाडलको सम्बन्धित वार्ड सदस्य, कृषि प्राविधिक तथा अन्य सरोकारवालाहरुको अवलोकन तथा निरीक्षण पश्चात आधिकारीक स्रोतबाट उत्पादित कृषि प्राविधिकले उपयुक्त ठहराएको र सिफारिस गरेको जातको बेर्ना लगाउनु पर्नेछ । कृषकले कागति खेतीको प्राविधिक तथा व्यवस्थापकिय क्रियाकलापको शितगंगा नगरपालिकाले उपलब्ध गराएको कागति खेती लगबुक/रेकर्ड बुक व्यवस्थित किसिमबाट राख्नुपर्नेछ ।

कागती खेतीको लागि अनुदान पाउनको लागि कृषकले बेर्ना रोपेको १ महिना भित्र वा वैशाख मसान्त भित्र सम्बन्धित वार्ड सदस्यको सिफारिस, वार्ड कार्यालयको सिफारिस, लगबुक/रेकर्ड बुक ,सम्बन्धित कृषक समूह तथा कृषि सहकारीको सिफारिस  तथा आवश्यक  बील तथा कागजात सहित निर्दिष्ट फर्मेट अनुसारको विवरण भरी शितगंगा नगरकार्यपालिकाको कार्यालयमा अनुदानको लागि निवेदन पेश गर्नुपर्नेछ । शितगंगा नगरकार्यापालिकाको कार्यालयले उक्त सिफारिस तथा कृषि प्राविधिकको स्थलगत प्रतिवेदनको आधारमा निम्नानुसारको अनुदान सम्बन्धित कृषकको बैंक खातामा जम्मा गरिदिने व्यवस्था मिलाउने छ  र आवश्यक किसिमको प्राविधिक सहयोग उपलब्ध गराउनेछ । यसरी तपसिल अनुसारको शिर्षकमा उपलब्ध गराइएको अनुदान रकम बेर्ना लगाएको तेस्रो वर्षसम्म मात्र प्रदान गरीनेछ । यसरी लगाइएको बेर्नामध्ये कम्तिमा ८० प्रतिशत बेर्ना राम्रोसँग हुर्कन बढ्न सक्ने गरी जिवित भएको हुनुपर्नेछ भने खाली रहेको उक्त ठाउँमा पुन नयाँ बेर्ना लगाएको हुनुपर्नेछ । कृषकले प्रत्येक वर्षको पहिलो चौमासिक अवधिभित्र नगरपालिकाको निर्दिष्ट फर्मेटमा आफ्नो कागती खेतीको अवस्था र प्रगति प्रतिवेदन सम्बन्धित वार्ड कार्यालय तथा शितगंगा नगरपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ भने प्रत्येक वर्षको व्यावसायिक योजना समेत पेश गर्नुपर्नेछ । यसरी प्राप्त प्रगति विवरण तथा स्थलगत अवलोकन तथा अध्ययनको आधारमा शितगंगा नगरकार्यापालिकाले प्रत्येक वर्षको कागती प्रोफाइल तयार गरी वार्षिक नगरशभाभा पेश गर्नेछ ।

**अनुदानको ढाँचा**

| शि. नं. | अनुदान शिर्षक | शितगंगा नगरकार्यपालिकाबाट प्रदान गरीने अनुदान | कृषक वा कृषक समूह वा कृषि सहकारी | कैफियत |
|---|---|---|---|---|
| १. | खाडल तयारी | रु ५० प्रति खाडल | बाँकी लागत | |
| २. | बेर्ना खरीद तथा ढुवानी | जम्मा लगानीको ५० प्रतिशत अनुदान | ५० प्रतिशत | नगरकार्यापालिकाले बेर्ना खरिद गरी वितरण गरेमा कृषकको खातामा रकम जम्मा नहुने । |
| ३. | सुक्ष्म खाधतत्व | जम्मा लगानीको ५० प्रतिशत अनुदान | ५० प्रतिशत | नगरकार्यापालिकाले सुक्ष्म खाधतत्व गरी वितरण गरेमा कृषकको खातामा रकम जम्मा नहुने । |
| ४. | उपकरण | जम्मा लगानीको ५० प्रतिशत अनुदान | ५० प्रतिशत | नगरकार्यपालिकाले उपकरण खरीद गरी वितरण गरेमा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | कृषकको खातामा रकम जम्मा नहुने । |
| ५. | सिंचाइका पुर्वाधार | जम्मा लगानीको ८० प्रतिशत | | २० प्रतिशत | | कृषकको खातामा मात्र जम्मा हुने |
| ६. | बिरुवाको रेखदेख तथा व्यवस्थापन | पहिलो वर्ष प्रति विरुवा | दोस्रो वर्ष प्रति विरुवा | तेस्रो वर्ष प्रति विरुवा | बाँकी लागत | कृषकको खातामा मात्र जम्मा हुने |
| | | ० | १०० | २०० | | |
| ७. | आकस्मिक सेवा (रोग र किरा) | शत प्रतिशत | शत प्रतिशत | शत प्रतिशत | | नगरकार्यपालिकाले प्रदान गर्ने । |
| ८. | तालिम | शत प्रतिशत | शत प्रतिशत | शत प्रतिशत | | मागको आधारमा तर कम्तिमा वर्षको १ पटक |
| ९. | भ्रमण | शत प्रतिशत | शत प्रतिशत | शत प्रतिशत | | कम्तिमा १ पटक |

### १.२ केरा

यस कार्यविधि बमोजिम केरा खेती गर्न चाहने कृषकहरुले केराको व्यावसायिक खेती गर्नका लागि यस नगरपालिकाको कार्यालय वा सम्बन्धित निकायमा विधिवत रुपमा आफ्नो व्यवसाय दर्ता गरेको हुनुपर्नेछ । केरा खेती गर्नका लागि निजी कृषक, सम्बन्धित कृषक समूहले सिफारिस गरेका बढीमा ३ जना कृषक समूहका सदस्य तथा सम्बन्धित कृषि सहकारीले सिफारिस गरेका बढीमा ५ जना कृषि सहकारीका सदस्यहरु योग्य हुनेछन् तर केरा खेती गर्ने जग्गा कृषकको निजी स्वामित्वमा हुनुपर्नेछ र केरा लगाउने न्यूनतम संख्या ५० हुनुपर्नेछ । यस कार्यविधि बमोजिम अनुदान तथा सहयोग प्राप्त गर्नका लागि केरा खेती शुरुवात गर्न लागेका कृषकहरुले केराको बेर्ना लगाउने सिजन भन्दा २ महिना अगावै कृषक/कृषक समूहका सदस्य/कृषि सहकारीका सदस्यहरुले शितगंगा नगरकार्यापालिकाको कार्यालयमा आफ्नो संक्षिप्त व्यावसायीक योजना पेश गर्नुपर्नेछ । कृषक/कृषक समूहका सदस्य/कृषि सहकारीका सदस्यहरुले केराको बेर्ना लगाउने दिन भन्दा ५ दिन अगावै १ मिटर लम्बाइ ,१ मिटर चौडाइ तथा १ मिटर गहिराइ भएको खाडल तयारी गरेको हुनुपर्नेछ र बेर्ना रोपणको लागि आवश्यक मलखाद तथा उपकरणहरुको प्रबन्ध गरेको हुनुपर्नेछ । उक्त खाडलको सम्बन्धित वार्ड सदस्य ,कृषि प्राविधिक तथा अन्य सरोकारवालाहरुको अवलोकन तथा निरीक्षण पश्चात आधिकारीक स्रोतबाट उत्पादित कृषि प्राविधिकले उपयुक्त ठहराएको र सिफारिस गरेको जातको बेर्ना लगाउनु पर्नेछ । कृषकले केरा खेतीको प्राविधिक तथा व्यवस्थापकिय क्रियाकलापको शितगंगा नगरपालिकाले उपलब्ध गराएको केरा खेती लगबुक/रेकर्ड बुक व्यवस्थित किसिमबाट राख्नुपर्नेछ ।

केरा खेतीको लागि अनुदान पाउनको लागि कृषकले बेर्ना रोपीसकेपछि वा बैशाख मसान्त भित्र सम्बन्धित वार्ड सदस्यको सिफारिस, वार्ड कार्यालयको सिफारिस, लगबुक/रेकर्ड बुक ,सम्बन्धित कृषक समूह तथा कृषि सहकारीको सिफारिस तथा आवश्यक बील तथा कागजात सहित निर्दिष्ट फर्मेट अनुसारको विवरण भरी शितगंगा नगरकार्यपालिकाको कार्यालयमा अनुदानको लागि निवेदन पेश गर्नुपर्नेछ । शितगंगा नगरकार्यपालिकाको कार्यालयले उक्त सिफारिस तथा कृषि प्राविधिकको स्थलगत प्रतिवेदनको आधारमा निम्नानुसारको अनुदान सम्बन्धित कृषकको बैंक खातामा जम्मा गरिदिने व्यवस्था मिलाउने छ र आवश्यक किसिमको प्राविधिक सहयोग उपलब्ध गराउनेछ । यसरी तपसिल अनुसारको शिर्षकमा उपलब्ध गराइएको अनुदान रकम बेर्ना लगाएको तेस्रो वर्षसम्म मात्र प्रदान गरीनेछ । यसरी लगाइएको बेर्नामध्ये कम्तिमा ८० प्रतिशत बेर्ना राम्रोसँग हुर्कन बढ्न सक्ने गरी जिवित भएको हुनुपर्नेछ भने खाली रहेको उक्त ठाउँमा पुन नयाँ बेर्ना लगाएको हुनुपर्नेछ । कृषकले प्रत्येक वर्षको पहिलो चौमासिक अवधिभित्र नगरपालिकाको निर्दिष्ट फर्मेटमा आफ्नो केरा खेतीको अवस्था र प्रगति प्रतिवेदन सम्बन्धित वार्ड कार्यालय तथा शितगंगा नगरपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ भने प्रत्येक वर्षको व्यावसायिक योजना समेत पेश गर्नुपर्नेछ । यसरी प्राप्त प्रगति विवरण तथा स्थलगत अवलोकन तथा अध्ययनको आधारमा शितगंगा नगरकार्यपालिकाले प्रत्येक वर्षको केरा प्रोफाइल तयार गरी वार्षिक नगरशभाभा पेश गर्नेछ ।

**अनुदानको ढाँचा**

| शि. नं. | अनुदान शिर्षक | शितगंगा नगरकार्यापालिका बाट अनुदान | कृषक | कैफियत |
|---|---|---|---|---|
| १. | खाडल तयारी | रु ५० प्रति खाडल | बाँकी लागत | |
| २. | बेर्ना खरीद तथा ढुवानी | जम्मा लगानीको ५० प्रतिशत अनुदान | ५० प्रतिशत | नगरकार्यापालिकाले बेर्ना खरिद गरी वितरण गरेमा कृषकको खातामा रकम जम्मा नहुने । |
| ३. | सुक्ष्म खाधतत्व | जम्मा लगानीको ५० प्रतिशत अनुदान | ५० प्रतिशत | नगरकार्यापालिकाले सुक्ष्म खाधतत्व गरी वितरण गरेमा कृषकको खातामा रकम जम्मा नहुने । |
| ४. | उपकरण | जम्मा लगानीको ५० प्रतिशत अनुदान | ५० प्रतिशत | नगरकार्यपालिकाले उपकरण खरीद गरी वितरण गरेमा कृषकको खातामा रकम जम्मा नहुने । |
| ५. | सिंचाइका पुर्वाधार | जम्मा लगानीको ८० प्रतिशत | २० प्रतिशत | कृषकको खातामा मात्र जम्मा हुने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६. | बिरुवाको रेखदेख तथा व्यवस्थापन | पहिलो वर्ष प्रति विरुवा | दोस्रो वर्ष प्रति विरुवा | तेस्रो वर्ष प्रति विरुवा | बाँकी लागत | कृषकको खातामा मात्र जम्मा हुने |
| | | ० | १०० | २०० | | |
| ७. | आकस्मिक सेवा )रोग र किरा( | शत प्रतिशत | शत प्रतिशत | शत प्रतिशत | | नगरकार्यपालिकाले प्रदान गर्ने । |
| ८. | तालिम | शत प्रतिशत | शत प्रतिशत | शत प्रतिशत | | मागको आधारमा तर कम्तिमा वर्षको १ पटक |
| ९. | भ्रमण | शत प्रतिशत | शत प्रतिशत | शत प्रतिशत | | कम्तिमा १ पटक |

**१.३ आँप**

यस कार्यविधि बमोजिम आँप खेती गर्न चाहने कृषकहरुले आँपको व्यावसायिक खेती गर्नका लागि यस नगरपालिकाको कार्यालय वा सम्बन्धित निकायमा विधिवत रुपमा आफ्नो व्यवसाय दर्ता गरेको हुनुपर्नेछ । आँप खेती गर्नका लागि निजी कृषक, सम्बन्धित कृषक समूहले सिफारिस गरेका बढीमा ३ जना कृषक समूहका सदस्य तथा सम्बन्धित कृषि सहकारीले सिफारिस गरेका बढीमा ५ जना कृषि सहकारीका सदस्यहरु योग्य हुनेछन् तर आँप खेती गर्ने जग्गा कृषकको निजी स्वामित्वमा हुनुपर्नेछ र आँप लगाउने न्यूनतम संख्या ५० हुनुपर्नेछ । यस कार्यविधि बमोजिम अनुदान तथा सहयोग प्राप्त गर्नका लागि आँप खेती शुरुवात गर्न लागेका कृषक/कृषक समूहका सदस्य/कृषि सहकारीका सदस्यहरुले हरुले आँपको बेर्ना लगाउने सिजन भन्दा २ महिना अगावै शितगंगा नगरकार्यापालिकाको कार्यालयमा आफ्नो संक्षिप्त व्यावसायीक योजना पेश गर्नुपर्नेछ र आँपको बेर्ना लगाउने दिन भन्दा ५ दिन अगावै १ मिटर लम्बाइ ,१ मिटर चौडाइ तथा १ मिटर गहिराइ भएको खाडल तयारी गरेको हुनुपर्नेछ र बेर्ना रोपणको लागि आवश्यक मलखाद तथा उपकरणहरुको प्रबन्ध गरेको हुनुपर्नेछ । उक्त खाडलको सम्बन्धित वार्ड सदस्य ,कृषि प्राविधिक तथा अन्य सरोकारवालाहरुको अवलोकन तथा निरीक्षण पश्चात आधिकारीक स्रोतबाट उत्पादित कृषि प्राविधिकले उपयुक्त ठहराएको र सिफारिस गरेको जातको बेर्ना लगाउनु पर्नेछ । कृषकले आँप खेतीको प्राविधिक तथा व्यवस्थापकिय क्रियाकलापको शितगंगा नगरपालिकाले उपलब्ध गराएको आँप खेती लगबुक/रेकर्ड बुक व्यवस्थित किसिमबाट राख्नुपर्नेछ ।

आँप खेतीको लागि अनुदान पाउनको लागि कृषकले बेर्ना रोपीसकेपछी वा वैशाख मसान्त भित्र सम्बन्धित वार्ड सदस्यको सिफारिस, वार्ड कार्यालायको सिफारिस, लगबुक/रेकर्ड बुक ,सम्बन्धित कृषक समूह तथा कृषि सहकारीको सिफारिस तथा आवश्यक बील तथा कागजात सहित निर्दिष्ट

फर्मेट अनुसारको विवरण भरी शितगंगा नगरकार्यपालिकाको कार्यालयमा अनुदानको लागि निवेदन पेश गर्नुपर्नेछ । शितगंगा नगरकार्यापालिकाको कार्यालयले उक्त सिफारिस तथा कृषि प्राविधिकको स्थलगत प्रतिवेदनको आधारमा निम्नानुसारको अनुदान सम्बन्धित कृषकको बैंक खातामा जम्मा गरिदिने व्यवस्था मिलाउने छ र आवश्यक किसिमको प्राविधिक सहयोग उपलब्ध गराउनेछ । यसरी तपसिल अनुसारको शिर्षकमा उपलब्ध गराइएको अनुदान रकम बेर्ना लगाएको तेस्रो वर्षसम्म मात्र प्रदान गरीनेछ । यसरी लगाइएको बेर्नामध्ये कम्तिमा ८० प्रतिशत बेर्ना राम्रोसँग हुर्कन बढ्न सक्ने गरी जिवित भएको हुनुपर्नेछ भने खाली रहेको उक्त ठाउँमा पुन नयाँ बेर्ना लगाएको हुनुपर्नेछ । कृषकले प्रत्येक वर्षको पहिलो चौमासिक अवधिभित्र नगरपालिकाको निर्दिष्ट फर्मेटमा आफ्नो आँप खेतीको अवस्था र प्रगति प्रतिवेदन सम्बन्धित वार्ड कार्यालय तथा शितगंगा नगरपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ भने प्रत्येक वर्षको व्यावसायिक योजना समेत पेश गर्नुपर्नेछ । यसरी प्राप्त प्रगति विवरण तथा स्थलगत अवलोकन तथा अध्ययनको आधारमा शितगंगा नगरकार्यापालिकाले प्रत्येक वर्षको आँप प्रोफाइल तयार गरी वार्षिक नगरशभाभा पेश गर्नेछ ।

**अनुदानको ढाँचा**

| शि. नं. | अनुदान शिर्षक | शितगंगा नगरकार्यापालिका बाट अनुदान | कृषक | कैफियत |
|---|---|---|---|---|
| १. | खाडल तयारी | रु ५० प्रति खाडल | बाँकी लागत | |
| २. | बेर्ना खरीद तथा ढुवानी | जम्मा लगानीको ५० प्रतिशत अनुदान | ५० प्रतिशत | नगरकार्यापालिकाले बेर्ना खरिद गरी वितरण गरेमा कृषकको खातामा रकम जम्मा नहुने । |
| ३. | सुक्ष्म खाधतत्व | जम्मा लगानीको ५० प्रतिशत अनुदान | ५० प्रतिशत | नगरकार्यापालिकाले सुक्ष्म खाधतत्व गरी वितरण गरेमा कृषकको खातामा रकम जम्मा नहुने । |
| ४. | उपकरण | जम्मा लगानीको ५० प्रतिशत अनुदान | ५० प्रतिशत | नगरकार्यपालिकाले उपकरण खरीद गरी वितरण गरेमा कृषकको खातामा रकम जम्मा नहुने । |
| ५. | सिंचाइका पुर्वाधार | जम्मा लगानीको ८० प्रतिशत | २० प्रतिशत | कृषकको खातामा मात्र जम्मा हुने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६. | बिरुवाको रेखदेख तथा व्यवस्थापन | पहिलो वर्ष प्रति विरुवा | दोस्रो वर्ष प्रति विरुवा | तेस्रो वर्ष प्रति विरुवा | बाँकी लागत | कृषकको खातामा मात्र जम्मा हुने |
| | | ० | १०० | २०० | | |
| ७. | आकस्मिक सेवा (रोग र किरा) | शत प्रतिशत | शत प्रतिशत | शत प्रतिशत | | नगरकार्यपालिकाले प्रदान गर्ने । |
| ८. | तालिम | शत प्रतिशत | शत प्रतिशत | शत प्रतिशत | | मागको आधारमा तर कम्तिमा वर्षको १ पटक |
| ९. | भ्रमण | शत प्रतिशत | शत प्रतिशत | शत प्रतिशत | | कम्तिमा १ पटक |

**१.४ लिचि**

यस कार्यविधि बमोजिम लिची खेती गर्न चाहने कृषकहरुले आँपको व्यावसायिक खेती गर्नका लागि यस नगरपालिकाको कार्यालय वा सम्बन्धित निकायमा विधिवत रुपमा आफ्नो व्यवसाय दर्ता गरेको हुनुपर्नेछ । लिची खेती गर्नका लागि निजी कृषक, सम्बन्धित कृषक समूहले सिफारिस गरेका बढीमा ३ जना कृषक समूहका सदस्य तथा सम्बन्धित कृषि सहकारीले सिफारिस गरेका बढीमा ५ जना कृषि सहकारीका सदस्यहरु योग्य हुनेछन् तर लिची खेती गर्ने जग्गा कृषकको निजी स्वामित्वमा हुनुपर्नेछ र लिची लगाउने न्यूनतम संख्या ५० हुनुपर्नेछ । यस कार्यविधि बमोजिम अनुदान तथा सहयोग प्राप्त गर्नका लागि लिची खेती शुरुवात गर्न लागेका कृषक/कृषक समूहका सदस्य/कृषि सहकारीका सदस्यहरुले हरुले आँपको बेर्ना लगाउने सिजन भन्दा २ महिना अगावै शितगंगा नगरकार्यापालिकाको कार्यालयमा आफ्नो संक्षिप्त व्यावसायीक योजना पेश गर्नुपर्नेछ र बेर्ना लगाउने दिन भन्दा ५ दिन अगावै १ मिटर लम्बाइ ,१ मिटर चौडाइ तथा १ मिटर गहिराइ भएको खाडल तयारी गरेको हुनुपर्नेछ र बेर्ना रोपणको लागि आवश्यक मलखाद तथा उपकरणहरुको प्रबन्ध गरेको हुनुपर्नेछ । उक्त खाडलको सम्बन्धित वार्ड सदस्य,कृषि प्राविधिक तथा अन्य सरोकारवालाहरुको अवलोकन तथा निरीक्षण पश्चात आधिकारीक स्रोतबाट उत्पादित कृषि प्राविधिकले उपयुक्त ठहराएको र सिफारिस गरेको जातको बेर्ना लगाउनु पर्नेछ । कृषकले लिची खेतीको प्राविधिक तथा व्यवस्थापकिय क्रियाकलापको शितगंगा नगरपालिकाले उपलब्ध गराएको लिची खेती लगबुक/रेकर्ड बुक व्यवस्थित किसिमबाट राख्नुपर्नेछ ।

लिची खेतीको लागि अनुदान पाउनको लागि कृषकले बेर्ना रोपीसकेपछि वा वैशाख मसान्त भित्र सम्बन्धित वार्ड सदस्यको सिफारिस, वार्ड कार्यालयको सिफारिस, लगबुक/रेकर्ड बुक ,सम्बन्धित कृषक समूह तथा कृषि सहकारीको सिफारिस तथा आवश्यक बील तथा कागजात सहित निर्दिष्ट फर्मेट

अनुसारको विवरण भरी शितगंगा नगरकार्यपालिकाको कार्यालयमा अनुदानको लागि निवेदन पेश गर्नुपर्नेछ । शितगंगा नगरकार्यापालिकाको कार्यालयले उक्त सिफारिस तथा कृषि प्राविधिकको स्थलगत प्रतिवेदनको आधारमा निम्नानुसारको अनुदान सम्बन्धित कृषकको बैंक खातामा जम्मा गरिदिने व्यवस्था मिलाउने छ र आवश्यक किसिमको प्राविधिक सहयोग उपलब्ध गराउनेछ । यसरी तपसिल अनुसारको शिर्षकमा उपलब्ध गराइएको अनुदान रकम बेर्ना लगाएको तेस्रो वर्षसम्म मात्र प्रदान गरीनेछ । यसरी लगाइएको बेर्नामध्ये कम्तिमा ८० प्रतिशत बेर्ना राम्रोसँग हुर्कन बढ्न सक्ने गरी जिवित भएको हुनुपर्नेछ भने खाली रहेको उक्त ठाउँमा पुन नयाँ बेर्ना लगाएको हुनुपर्नेछ । कृषकले प्रत्येक वर्षको पहिलो चौमासिक अवधिभित्र नगरपालिकाको निर्दिष्ट फर्मेटमा आफ्नो लिचि खेतीको अवस्था र प्रगति प्रतिवेदन सम्बन्धित वार्ड कार्यालय तथा शितगंगा नगरपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ भने प्रत्येक वर्षको व्यावसायिक योजना समेत पेश गर्नुपर्नेछ । यसरी प्राप्त प्रगति विवरण तथा स्थलगत अवलोकन तथा अध्ययनको आधारमा शितगंगा नगरकार्यपालिकाले प्रत्येक वर्षको लिचि प्रोफाइल तयार गरी वार्षिक नगरशभाभा पेश गर्नेछ ।

**अनुदानको ढाँचा**

| शि. नं. | अनुदान शिर्षक | शितगंगा नगरकार्यापालिका बाट अनुदान | कृषक | कैफियत |
|---|---|---|---|---|
| १. | खाडल तयारी | रु ५० प्रति खाडल | बाँकी लागत | |
| २. | बेर्ना खरीद तथा ढुवानी | जम्मा लगानीको ५० प्रतिशत अनुदान | ५० प्रतिशत | नगरकार्यापालिकाले बेर्ना खरिद गरी वितरण गरेमा कृषकको खातामा रकम जम्मा नहुने । |
| ३. | सुक्ष्म खाधतत्व | जम्मा लगानीको ५० प्रतिशत अनुदान | ५० प्रतिशत | नगरकार्यापालिकाले सुक्ष्म खाधतत्व गरी वितरण गरेमा कृषकको खातामा रकम जम्मा नहुने । |
| ४. | उपकरण | जम्मा लगानीको ५० प्रतिशत अनुदान | ५० प्रतिशत | नगरकार्यपालिकाले उपकरण खरीद गरी वितरण गरेमा कृषकको खातामा रकम जम्मा नहुने । |
| ५. | सिंचाइका पुर्वाधार | जम्मा लगानीको ८० प्रतिशत | २० प्रतिशत | कृषकको खातामा मात्र जम्मा हुने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६. | बिरुवाको रेखदेख तथा व्यवस्थापन | पहिलो वर्ष प्रति विरुवा | दोस्रो वर्ष प्रति विरुवा | तेस्रो वर्ष प्रति विरुवा | बाँकी लागत | कृषकको खातामा मात्र जम्मा हुने |
| | | ० | १०० | २०० | | |
| ७. | आकस्मिक सेवा )रोग र किरा( | शत प्रतिशत | शत प्रतिशत | शत प्रतिशत | | नगरकार्यपालिकाले प्रदान गर्ने । |
| ८. | तालिम | शत प्रतिशत | शत प्रतिशत | शत प्रतिशत | | मागको आधारमा तर कम्तिमा वर्षको १ पटक |
| ९. | भ्रमण | शत प्रतिशत | शत प्रतिशत | शत प्रतिशत | | कम्तिमा १ पटक |

## २. ताजा तरकारी

विषयगत उद्धेश्यः मौसमी तथा बेमौसमी तरकारी बालीहरुको व्ववसायलाइ नगरपालिकाको युवारोजगारीसँग आवद्ध गर्दै उत्पादनको पहुँच क्षेत्रीय तथा राष्ट्रिय बजारसम्म पुर्याउने ।

उपर्युक्त उद्धेश्यहरु प्राप्त गर्नका मौसमी तथा बेमौसमी ताजा तरकारी व्यवसाय संचालनको लागि निम्न अनुसारको अनुदान प्रदान गरीनेछ ।
यस कार्यविधि बमोजिम तरकारी खेती गर्न चाहने कृषकहरुले तरकारीको व्यावसायीक खेती गर्नका लागि यस नगरकार्यपालिकाको कार्यालय वा सम्बन्धित निकायमा विधिवत रुपमा आफ्नो व्यवसाय दर्ता गरेको हुनुपर्नेछ । तरकारी खेती गर्नका लागि निजी कृषक, सम्बन्धित कृषक समूहले सिफारिस गरेका बढीमा ३ जना कृषक समूहका सदस्य तथा सम्बन्धित कृषि सहकारीले सिफारिस गरेका बढीमा ५ जना कृषि सहकारीका सदस्यहरु योग्य हुनेछन् र तरकारी लगाउने न्यूनतम क्षेत्रफल ३ रोपनी हुनुपर्नेछ । यस कार्यविधि बमोजिम अनुदान तथा सहयोग प्राप्त गर्नका लागि तरकारी खेती शुरुवात गर्न लागेका कृषक/कृषक समूहका सदस्य/कृषि सहकारीका सदस्यहरुले प्रथम चौमासिक अवधिभित्र शितगंगा नगरकार्यापालिकाको कार्यालयमा आफ्नो संक्षिप्त व्यावसायीक योजना पेश गर्नुपर्नेछ । तरकारी खेती गर्ने कृषकले नर्सरी तथा बेर्नाको स्रोतको बन्दोबस्त मिलाइ तथा बेमौसमी तरकारी उत्पादन गर्नका लागि टनेल आवश्यक पर्ने भए उक्त प्लाष्टिक घर तथा प्लाष्टिकको टनेलको संरचना र ) बाँस वा फलामको (सिंचाइको प्रवन्ध मिलाउनुपर्नेछ र उक्त कार्यको सम्बन्धित वार्ड सदस्य ,कृषि प्राविधिक तथा अन्य सरोकारवालाहरुको अवलोकन तथा निरीक्षण पश्चात कृषि प्राविधिकले उपयुक्त ठहराएको र सिफारिस गरेको जातको बेर्ना लगाउनु पर्नेछ । कृषकले तरकारी खेतीको

प्राविधिक तथा व्यवस्थापकिय क्रियाकलापको शितगंगा नगरपालिकाले उपलब्ध गराएको तरकारी खेती लगबुक/रेकर्ड बुक व्यवस्थित किसिमबाट राख्नुपर्नेछ ।

तरकारी खेतीको लागि अनुदान पाउनको लागि कृषकले सम्बन्धित वार्ड सदस्यको सिफारिस, वार्ड कार्यालयको सिफारिस, लगबुक/रेकर्ड बुक ,सम्बन्धित कृषक समूह तथा कृषि सहकारीको सिफारिस तथा आवश्यक बील तथा कागजात सहित निर्दिष्ट फर्मेट अनुसारको विवरण भरी शितगंगा नगरकार्यपालिकाको कार्यालयमा अनुदानको लागि निवेदन पेश गर्नुपर्नेछ । यसरी प्रदान गरीने अनुदान एक वर्षमा बढीमा ३ वटा तरकारी बालीको खेतीको लागि मात्र प्रदान गरीनेछ । शितगंगा नगरकार्यपालिकाको कार्यालयले उक्त सिफारिस तथा कृषि प्राविधिकको स्थलगत प्रतिवेदनको आधारमा निम्नानुसारको अनुदान सम्बन्धित कृषकको बैंक खातामा जम्मा गरिदिने व्यवस्था मिलाउने छ र आवश्यक किसिमको प्राविधिक सहयोग उपलब्ध गराउनेछ । यसरी तपसिल अनुसारको शिर्षकमा उपलब्ध गराइएको अनुदान रकम लगातार तेस्रो वर्षसम्म मात्र प्रदान गरीनेछ । यसरी लगाइएको बेर्नाबाट कम्तिमा १ मेटन तरकारी उत्पादन भएको हुनुपर्नेछ तरकारी खेती गर्ने कृषकले प्रत्येक . वर्षको पहिलो चौमासिक अवधिभित्र नगरपालिकाको निर्दिष्ट फर्मेटमा आफ्नो तरकारी खेतीको अवस्था र प्रगति प्रतिवेदन सम्बन्धित वार्ड कार्यालय तथा शितगंगा नगरपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ भने प्रत्येक वर्षको व्यावसायिक योजना समेत पेश गर्नुपर्नेछ । यसरी प्राप्त प्रगति विवरण तथा स्थलगत अवलोकन तथा अध्ययनको आधारमा शितगंगा नगरकार्यापालिकाले प्रत्येक वर्षको तरकारी प्रोफाइल तयार गरी वार्षिक नगरशभाभा पेश गर्नेछ ।

**अनुदानको ढाँचा**

| शि. नं. | अनुदान शिर्षक | शितगंगा नगरकार्यापालिका बाट अनुदान | कृषक | कैफियत |
|---|---|---|---|---|
| १ | बीउमा | ५० प्रतिशत अनुदान | ५० प्रतिशत | |
| २ | बेर्ना खरीद तथा ढुवानी | जम्मा लगानीको ५० प्रतिशत अनुदान | ५० प्रतिशत | नगरकार्यापालिकाले बेर्ना खरिद गरी वितरण गरेमा कृषकको खातामा रकम जम्मा नहुने । |
| ३ | सुक्ष्म खाधतत्व | जम्मा लगानीको ५० प्रतिशत अनुदान | ५० प्रतिशत | नगरकार्यापालिकाले सुक्ष्म खाधतत्व गरी वितरण गरेमा कृषकको खातामा रकम जम्मा नहुने । |

| | | | | |
|---|---|---|---|---|
| ४ | उपकरण | जम्मा लगानीको ५० प्रतिशत अनुदान | ५० प्रतिशत | नगरकार्यपालिकाले उपकरण खरीद गरी वितरण गरेमा कृषकको खातामा रकम जम्मा नहुने । |
| ५ | सिंचाइका पुर्वाधार | जम्मा लगानीको ८० प्रतिशत | २० प्रतिशत | कृषकको खातामा मात्र जम्मा हुने |
| ६ | तालिम | शत प्रतिशत | - | मागको आधारमा तर कम्तिमा १ पटक |
| ७ | भ्रमण | शत प्रतिशत | - | मागको आधारमा तर कम्तिमा १ पटक |
| ८ | आकस्मिक बालि संरक्षण सेवा | ५० प्रतिशत | ५० प्रतिशत | मागको आधारमा |
| ९ | प्लाष्टिक टनेल | ५० प्रतिशत अनुदान | ५० प्रतिशत | |
| १० | ४ वटा भन्दा बढी टनेल राखेमा | प्रति टनेल थप रु २०००।- | | |

## ३ .खाद्यान्न दलहन,तेलहन तथा तरकारी बालीहरुको बीउ उत्पादन

विषयगत उद्धेश्य :खाद्यान्न दलहन तेलहन तथा तरकारी बालीहरुको बीउ प्रतिस्थापन दर वृद्धि गर्दै बीउमा आधारित मूल्य श्रृंखलाको विकास गरी उन्नत बीउको निर्यात गर्ने साथै स्थानिय तथा रैथाने जातहरुको बीउको संरक्षण र प्रवद्धन गर्ने ।

उपर्युक्त उद्धेश्यहरु प्राप्त गर्नका अन्नबाली ,दलहन ,तेलहन बाली तथा तरकारी बालीको बीउ उत्पादन व्यवसाय संचालनको लागि निम्न अनुसारको अनुदान प्रदान गरीनेछ । खाधान्न,दलहन,तेलहन तथा तरकारीबालीको मूल,प्रमाणित तथा उन्नत बीउ उत्पादन तथा बीउ व्यवसाय संचालनका लागि बीउ उत्पादक कृषक समूहका सदस्य तथा कृषि सहकारीहरुका सदस्यहरुलाइ अनुदान उपलब्ध गराइने छ ।

यस कार्यविधि बमोजिम खाधान्न ,दलहन तथा तरकारी बालीको बीउ उत्पादन गर्न चाहने कृषकहरुले बीउको व्यावसायिक खेती गर्नका लागि यस नगरपालिकाको कार्यालय वा सम्बन्धित निकायमा विधिवत रुपमा आफ्नो व्यवसाय दर्ता गरेको हुनुपर्नेछ । कृषक समूह र कृषि सहकारीका सदस्यहरु मात्र बीउ उत्पादन गर्न योग्य हुनेछन् र बीउ उत्पादनको न्यूनतम क्षेत्रफल खाधान्न बालीको लागि २

हेक्टर,दलहन बालीको लागी १ हेक्टर, तेलहन बालीको लागी १ हेक्टर र तरकारी बालीको लागी ०.५ हेक्टर हुनुपर्नेछ । यस कार्यविधि बमोजिम अनुदान तथा सहयोग प्राप्त गर्नका लागि बीउ /उत्पादन व्यवसाय शुरु गर्न लागेका कृषककृषक समूहका सदस्य/कृषि सहकारीका सदस्यहरुले प्रथम चौमासिक अवधिभित्र शितगंगा नगरकार्यापालिकाको कार्यालयमा आफ्नो संक्षिप्त व्यावसायिक योजना पेश गर्नुपर्नेछ । बीउ उत्पादन गर्ने कृषकले बीउ छर्ने भन्दा १ महिना अगाडि नै जग्गा छनोट गरीसक्नुपर्नेछ र स्रोत बीउको बन्दोबस्त मिलाउनुपर्नेछ । उक्त कार्यको सम्बन्धित वार्ड सदस्य ,कृषि प्राविधिक तथा अन्य सरोकारवालाहरुको अवलोकन तथा निरीक्षण पश्चात कृषि प्राविधिकले उपयुक्त ठहराएको र सिफारिस गरेको जातको बीउ लगाउनु पर्नेछ । कृषकले बीउ उत्पादनको प्राविधिक तथा व्यवस्थापकिय क्रियाकलापको शितगंगा नगरपालिकाले उपलब्ध गराएको बीउ उत्पादन लगबुक/रेकर्ड बुक व्यवस्थित किसिमबाट राख्नुपर्नेछ भने उन्नत बीउ उत्पादन प्रविधि अपनाउनु पर्नेछ ।

कृषकले बीउ उत्पादनको अनुदान पाउनको बीउ उत्पादन भइसकेपछि सम्बन्धित वार्ड सदस्यको सिफारिस, वार्ड कार्यालयको सिफारिस, लगबुक/रेकर्ड बुक ,सम्बन्धित कृषक समूह तथा कृषि सहकारीको सिफारिस तथा आवश्यक बील तथा कागजात सहित निर्दिष्ट फर्मेट अनुसारको विवरण भरी शितगंगा नगरकार्यपालिकाको कार्यालयमा अनुदानको लागि निवेदन पेश गर्नुपर्नेछ । शितगंगा नगरकार्यपालिकाको कार्यालयले उक्त सिफारिस तथा कृषि प्राविधिकको स्थलगत प्रतिवेदनको आधारमा निम्नानुसारको अनुदान सम्बन्धित कृषकको बैंक खातामा जम्मा गरिदिने व्यवस्था मिलाउने छ र आवश्यक किसिमको प्राविधिक सहयोग उपलब्ध गराउनेछ । यसरी तपसिल अनुसारको शिर्षकमा उपलब्ध गराइएको अनुदान रकम लगातार तेस्रो वर्षसम्म मात्र प्रदान गरीनेछ । यस कार्यविधि बमोजिम अनुदान पाउनको लागि खाधान्नको लागि नयुनतम ०.५ मे.टन,दलहनको ०२५.मे,टन.तेलहनको ० २५.मेटन. र तरकारीको ०.१ मे.टन बीउ उत्पादन भएको हुनुपर्नेछ । बीउ उत्पादन गर्ने कृषकले प्रत्येक वर्षको पहिलो चौमासिक अवधिभित्र नगरपालिकाको निर्दिष्ट फर्मेटमा आफ्नो बीउ उत्पादनको अवस्था र प्रगति प्रतिवेदन सम्बन्धित वार्ड कार्यालय तथा शितगंगा नगरकार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ भने प्रत्येक वर्षको व्यावसायिक योजना समेत पेश गर्नुपर्नेछ । यसरी प्राप्त प्रगति विवरण तथा स्थलगत अवलोकन तथा अध्ययनको आधारमा शितगंगा नगरकार्यपालिकाले प्रत्येक वर्षको बीउको प्रोफाइल तयार गरी वार्षिक नगरशभाभा पेश गर्न

**अनुदानको ढाँचा**

| शि. नं. | अनुदान शिर्षक | शितगंगा नगरकार्यापालिका बाट अनुदान | कृषक | कैफियत |
|---|---|---|---|---|
| १ | श्रोत बीउमा | ५० प्रतिशत अनुदान | ५० प्रतिशत | |

| | | | | |
|---|---|---|---|---|
| २ | उपकरण | जम्मा लगानीको ५० प्रतिशत अनुदान | ५० प्रतिशत | नगरकार्यपालिकाले उपकरण खरीद गरी वितरण गरेमा कृषकको खातामा रकम जम्मा नहुने । |
| ३ | सिंचाइका पुर्वाधार | जम्मा लगानीको ८० प्रतिशत | २० प्रतिशत | कृषकको खातामा मात्र जम्मा हुने |
| ४ | तालिम | शत प्रतिशत | - | मागको आधारमा तर कम्तिमा १ पटक |
| ५ | भ्रमण | शत प्रतिशत | - | मागको आधारमा तर कम्तिमा १ पटक |
| ६ | आकस्मिक बालि संरक्षण सेवा | ५० प्रतिशत | ५० प्रतिशत | मागको आधारमा |
| ७ | प्रोत्साहन अनुदान (उत्पादनको आधारमा) | खाधान्न प्रति किलोग्राम रु ५ , दलहन र तेलहन रु ७ प्रति किलोग्राम र तरकारी रु २० प्रति के.जी | | मूल बीउको लागि थप २५ प्रतिशत र प्रमाणित बीउको लागि थप १० प्रतिशत |

## ४. रैथाने तथा स्थानिय बालीहरुको उत्पादन - कोदो, जौ, फापर

यस कार्यविधि बमोजिम रैथाने तथा स्थानिय बालीहरुको व्ववसाय संचालन गर्न चाहने कृषकहरुले रैथाने तथा स्थानिय बालीहरुको व्यावसायिक खेती गर्नका लागि यस नगरपालिकाको कार्यालय वा सम्बन्धित निकायमा विधिवत रुपमा आफ्नो व्यवसाय दर्ता गरेको हुनुपर्नेछ । रैथाने तथा स्थानीय बालीहरुको खेती गर्नका लागि निजी कृषक, सम्बन्धित कृषक समूहले सिफारिस गरेका बढीमा ३ जना कृषक समूहका सदस्य तथा सम्बन्धित कृषि सहकारीले सिफारिस गरेका बढीमा ५ जना कृषि सहकारीका सदस्यहरु योग्य हुनेछन् र रैथाने तथा स्थानिय बालीहरु लगाउने न्यूनतम क्षेत्रफल ३ रोपनी हुनुपर्नेछ । यस कार्यविधि बमोजिम अनुदान तथा सहयोग प्राप्त गर्नका लागि रैथाने तथा स्थानिय बालीहरुको खेती गर्न शुरुवात गर्न लागेका कृषक/कृषक समूहका सदस्य/कृषि सहकारीका सदस्यहरुले प्रथम चौमासिक अवधिभित्र शितगंगा नगरकार्यपालिकाको कार्यालयमा आफ्नो संक्षिप्त व्यावसायिक योजना पेश गर्नुपर्नेछ । रैथाने तथा स्थानिय बालीहरुको खेती गर्ने कृषकले जग्गा तथा बीउको प्रवन्ध मिलाउनुपर्नेछ र उक्त कार्यको सम्बन्धित वार्ड सदस्य ,कृषि प्राविधिक तथा अन्य सरोकारवालाहरुको अवलोकन तथा निरीक्षण पश्चात कृषकले उक्त बालीहरुको प्राविधिकको सिफारिस बमोजिम खेती गरनुपर्नेछ । कृषकले रैथाने तथा स्थानीय बालीहरुको प्राविधिक तथा व्यवस्थापकिय

क्रियाकलापको शितगंगा नगरपालिकाले उपलब्ध गराएको रैथाने तथा स्थानिय बाली खेती लगबुक/रेकर्ड बुक व्यवस्थित किसिमबाट राख्नुपर्नेछ ।

रैथाने तथा स्थानिय बालीहरुको लागि अनुदान पाउनको लागि कृषकले सम्बन्धित वार्ड सदस्यको सिफारिस, वार्ड कार्यालयको सिफारिस, लगबुक/रेकर्ड बुक ,सम्बन्धित कृषक समूह तथा कृषि सहकारीको सिफारिस तथा आवश्यक बील तथा कागजात सहित निर्दिष्ट फर्मेट अनुसारको विवरण भरी शितगंगा नगरकार्यपालिकाको कार्यालयमा अनुदानको लागि निवेदन पेश गर्नुपर्नेछ । शितगंगा नगरकार्यपालिकाको कार्यालयले उक्त सिफारिस तथा कृषि प्राविधिकको स्थलगत प्रतिवेदनको आधारमा निम्नानुसारको अनुदान सम्बन्धित कृषकको बैंक खातामा जम्मा गरिदिने व्यवस्था मिलाउने छ र आवश्यक किसिमको प्राविधिक सहयोग उपलब्ध गराउनेछ । यसरी तपसिल अनुसारको शिर्षकमा उपलब्ध गराइएको अनुदान रकम लगातार तेस्रो वर्षसम्म मात्र प्रदान गरीनेछ । यसरी गरीएको खेती बाट कम्तिमा ०.२ मे.टन रैथाने तथा स्थानिय खाधान्न बाली उत्पादन भएको हुनुपर्नेछ । रैथाने तथा स्थानिय खादान्न बाली खेती गर्ने कृषकले प्रत्येक वर्षको पहिलो चौमासिक अवधिभित्र नगरपालिकाको निर्दिष्ट फर्मेटमा आफ्नो तरकारी खेतीको अवस्था र प्रगति प्रतिवेदन सम्बन्धित वार्ड कार्यालय तथा शितगंगा नगरकार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ भने प्रत्येक वर्षको व्यावसायिक योजना समेत पेश गर्नुपर्नेछ । यसरी प्राप्त प्रगति विवरण तथा स्थलगत अवलोकन तथा अध्ययनको आधारमा शितगंगा नगरकार्यापालिकाले प्रत्येक वर्षको रैथाने तथा स्थानिय खाद्यान्न बाली प्रोफाइल तयार गरी वार्षिक नगरशभाभा पेश गर्नेछ ।

**अनुदानको ढाँचा**

| शि. नं. | अनुदान शिर्षक | शितगंगा नगरकार्यापालिका बाट अनुदान | कृषक | कैफियत |
|---|---|---|---|---|
| १ | बीउमा | ५० प्रतिशत अनुदान | ५० प्रतिशत | |
| २ | उपकरण | जम्मा लगानीको ५० प्रतिशत अनुदान | ५० प्रतिशत | नगरकार्यपालिकाले उपकरण खरीद गरी वितरण गरेमा कृषकको खातामा रकम जम्मा नहुने । |
| ३ | सिंचाइका पुर्वाधार | जम्मा लगानीको ८० प्रतिशत | २० प्रतिशत | कृषकको खातामा मात्र जम्मा हुने |
| ४ | तालिम | शत प्रतिशत | - | मागको आधारमा तर कम्तिमा १ पटक |
| ५ | भ्रमण | शत प्रतिशत | - | मागको आधारमा तर कम्तिमा १ पटक |

| | | | | |
|---|---|---|---|---|
| ६ | आकस्मिक बालि संरक्षण सेवा | ५० प्रतिशत | ५० प्रतिशत | मागको आधारमा |
| ७ | प्रोत्साहन अनुदान ) उत्पादनको आधारमा( | प्रति किलोग्राम रु १० | | |

## ५. मौरिपालन

विषयगत उद्धेश्यः मौरीपालनलाइ नगरपालिकाको कृषि प्रणालि र कृषि रोजगारीको अभिन्न अंगको रुपमा स्थापित गरदै शितगंगाको महलाइ विशिष्ट उत्पादनको रुपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा पुर्याउने ।

यस कार्यविधि बमोजिम मौरीपालन गर्न चाहने कृषकहरुले व्यावसायिक मौरीपालन गर्नका लागि यस नगरपालिकाको कार्यालय वा सम्बन्धित निकायमा विधिवत रुपमा आफ्नो व्यवसाय दर्ता गरेको हुनुपर्नेछ । मौरीपालन व्यवसाय संचालन गर्नका लागि निजी कृषक, सम्बन्धित कृषक समूहले सिफारिस गरेका बढीमा ३ जना कृषक समूहका सदस्य तथा सम्बन्धित कृषि सहकारीले सिफारिस गरेका बढीमा ५ जना कृषि सहकारीका सदस्यहरु योग्य हुनेछन् र न्यूनतम २० वटा आधुनिक मौरीघारको संख्यामा मौरीपालन गरेको हुनुपर्नेछ । यस कार्यविधि बमोजिम अनुदान तथा सहयोग प्राप्त गर्नका लागि मौरीपालन शुरुवात गर्न लागेका कृषक/कृषक समूहका सदस्य/कृषि सहकारीका सदस्यहरुले प्रथम चौमासिक अवधिभित्र शितगंगा नगरकार्यापालिकाको कार्यालयमा आफ्नो संक्षिप्त व्यावसायीक योजना पेश गर्नुपर्नेछ । मौरीपालन गर्ने कृषकले मौरीपालनको क्षेत्र तथा मौरी आहार व्यवस्थापनको उचित बन्दोबस्त मिलाउनुपर्नेछ र उक्त कार्यको सम्बन्धित वार्ड सदस्य ,कृषि प्राविधिक तथा अन्य सरोकारवालाहरुको अवलोकन तथा निरीक्षण पश्चात कृषि प्राविधिकको सिफारिस बमोजिम मौरीपालन गर्नुपर्नेछ । कृषकले मौरीपालनको प्राविधिक तथा व्यवस्थापकिय क्रियाकलापको शितगंगा नगरपालिकाले उपलब्ध गराएको मौरीपालन लगबुक/रेकर्ड बुक व्यवस्थित किसिमबाट राख्नुपर्नेछ ।

मौरीपालनको लागि अनुदान पाउनको लागि कृषकले सम्बन्धित वार्ड सदस्यको सिफारिस, वार्ड कार्यालयको सिफारिस, लगबुक/रेकर्ड बुक ,सम्बन्धित कृषक समूह तथा कृषि सहकारीको सिफारिस तथा आवश्यक बील तथा कागजात सहित निर्दिष्ट फर्मेट अनुसारको विवरण भरी शितगंगा नगरकार्यपालिकाको कार्यालयमा अनुदानको लागि निवेदन पेश गर्नुपर्नेछ। शितगंगा नगरकार्यपालिकाको कार्यालयले उक्त सिफारिस तथा कृषि प्राविधिकको स्थलगत प्रतिवेदनको आधारमा निम्नानुसारको अनुदान सम्बन्धित कृषकको बैंक खातामा जम्मा गरिदिने व्यवस्था मिलाउने छ र आवश्यक किसिमको प्राविधिक सहयोग उपलब्ध गराउनेछ । यसरी तपसिल अनुसारको शिर्षकमा उपलब्ध गराइएको अनुदान रकम लगातार तेस्रो वर्षसम्म मात्र प्रदान गरीनेछ । यसरी गरीएको मोरीपालनबाट कम्तिमा प्रति वर्ष ५० के जी मह उत्पादन भएको हुनुपर्नेछ । मौरीपालन गर्ने कृषकले प्रत्येक वर्षको

पहिलो चौमासिक अवधिभित्र नगरपालिकाको निर्दिष्ट फर्मेटमा आफ्नो मौरीपालन अवस्था र प्रगति प्रतिवेदन सम्बन्धित वार्ड कार्यालय तथा शितगंगा नगरपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ भने प्रत्येक वर्षको व्यावसायिक योजना समेत पेश गर्नुपर्नेछ । यसरी प्राप्त प्रगति विवरण तथा स्थलगत अवलोकन तथा अध्ययनको आधारमा शितगंगा नगरकार्यापालिकाले प्रत्येक वर्षको मौरीपालनको प्रोफाइल तयार गरी वार्षिक नगरशभाभा पेश गर्नेछ ।

**अनुदानको ढाँचा**

| शि. नं. | अनुदान शिर्षक | शितगंगा नगरकार्यापालिका बाट अनुदान | कृषक | कैफियत |
|---|---|---|---|---|
| १ | आधुनिक मौरी घार )गोलासहित वा गोलारहित( | ५० प्रतिशत अनुदान | ५० प्रतिशत | |
| २ | मौरीपालन उपकरण | जम्मा लगानीको ५० प्रतिशत अनुदान | ५० प्रतिशत | नगरकार्यपालिकाले उपकरण खरीद गरी वितरण गरेमा कृषकको खातामा रकम जम्मा नहुने । |
| ३ | तालिम | शत प्रतिशत | - | मागको आधारमा तर कम्तिमा १ पटक |
| ४ | भ्रमण | शत प्रतिशत | - | मागको आधारमा तर कम्तिमा १ पटक |
| ५ | आकस्मिक बालि संरक्षण सेवा | ५० प्रतिशत | ५० प्रतिशत | मागको आधारमा |
| ६ | प्रोत्साहन अनुदान)उत्पादनको आधारमा ( | रु ५० प्रति के जी. | | |

## ६. पशुपालन

विषयगत उद्धेश्यः गाई ,भैंसी ,बाख्रापालन तथा कुखुरापालनलाई व्यावसायिक रुपमा विस्तार गरी दुग्ध मासु तथा अण्डाको निर्यातमा वृद्धि गर्दै पशुपालन तथा पंक्षीपालनलाई युवा रोजगारी तथा कृषकको आयआर्जको मूख्य श्रोतको रुपमा विकास गर्ने ।

### ६.१ गाई तथा भैसीपालन

यस कार्यविधि बमोजिम व्यावसायिक रुपमा गाइभैंसी पालन गर्न चाहने कृषकहरुले व्यावसायिक गाइभैंसी पालन गर्नका लागि यस नगरपालिकाको कार्यालय वा सम्बन्धित निकायमा विधिवत रुपमा आफ्नो व्यवसाय दर्ता गरेको हुनुपर्नेछ । गाइभैंसी पालन गर्नका लागि निजी कृषक, सम्बन्धित पशुपालन समूहले सिफारिस गरेका बढीमा ३ जना सदस्य तथा सम्बन्धित कृषि तथा पशु सहकारीले सिफारिस गरेका बढीमा ४ जना कृषि तथा पशु सहकारीका सदस्यहरु योग्य हुनेछन् र दुध दिने गाई वा भैसीको न्यूनतम संख्या ५ वटा हुनुपर्नेछ । यस कार्यविधि बमोजिम अनुदान तथा सहयोग प्राप्त गर्नका लागि गाइ तथा भैंसीपालन गरी दुग्ध व्यवसाय शुरुवात गर्न लागेका कृषक/पशु पालन समूहका सदस्य/कृषि तथा पशु सहकारीका सदस्यहरुले प्रथम चौमासिक अवधिभित्र शितगंगा नगरकार्यपालिकाको कार्यालयमा आफ्नो संक्षिप्त व्यावसायिक योजना पेश गर्नुपर्नेछ । गाईभैंसी पालन गर्ने कृषकले गोठ तथा भकारो ,पशु आहाराको )घाँस( उचित बन्दोबस्त मिलाउनुपर्नेछ र उक्त कार्यको सम्बन्धित वार्ड सदस्य ,पशु प्राविधिक तथा अन्य सरोकारवालाहरुको अवलोकन तथा निरीक्षण पश्चात पशु प्राविधिकले उपयुक्त ठहराएको र सिफारिस गरेको उन्नत जातको गाई तथा भैंसी पालन गर्नुपर्नेछ र न्यूनतम १ रोपनीमा वर्षैभरीका लागि घाँस लगाउनुपर्नेछ र गाई भैंसीको बीमा समेत गर्नुपर्नेछ । गाई तथा भैंसी पालन वापत अनुदान प्राप्त गर्नको लागि न्यूनतम वार्षिक ५०० लिटर दुध उत्पादन गरेको हुनुपर्नेछ । कृषकले गाई तथा भैंसीको प्राविधिक तथा व्यवस्थापकिय क्रियाकलापको शितगंगा नगरपालिकाले उपलब्ध गराएको गाई तथा भैंसी पालन लगबुक/रेकर्ड बुक व्यवस्थित किसिमबाट राख्नुपर्नेछ ।

गाई तथा भैंसी पालन गर्ने कृषकले सम्बन्धित वार्ड सदस्यको सिफारिस, वार्ड कार्यालयको सिफारिस, लगबुक/रेकर्ड बुक ,सम्बन्धित पशु पालन समूह तथा कृषि तथा पशु सहकारीको सिफारिस तथा आवश्यक बील तथा कागजात सहित निर्दिष्ट फर्मेट अनुसारको विवरण भरी तेस्रो चौमासीक अवधिभित्र शितगंगा नगरकार्यपालिकाको कार्यालयमा अनुदानको लागि निवेदन पेश गर्नुपर्नेछ । शितगंगा नगरकार्यपालिकाको कार्यालयले उक्त सिफारिस तथा पशु प्राविधिकको स्थलगत प्रतिवेदनको आधारमा निम्नानुसारको अनुदान सम्बन्धित कृषकको बैंक खातामा जम्मा गरिदिने व्यवस्था मिलाउने छ र आवश्यक किसिमको प्राविधिक सहयोग उपलब्ध गराउनेछ । यसरी तपसिल अनुसारको शिर्षकमा उपलब्ध गराइएको अनुदान रकम लगातार तेस्रो वर्षसम्म मात्र प्रदान गरीनेछ । गाई तथा भैंसी पालन गर्ने कृषकले प्रत्येक वर्षको पहिलो चौमासिक अवधिभित्र नगरपालिकाको निर्दिष्ट फर्मेटमा आफ्नो गाई तथा भैंसी पालनको अवस्था र प्रगति प्रतिवेदन सम्बन्धित वार्ड कार्यालय तथा शितगंगा नगरपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ भने प्रत्येक वर्षको व्यावसायिक योजना समेत पेश गर्नुपर्नेछ । यसरी प्राप्त प्रगति विवरण तथा स्थलगत अवलोकन तथा अध्ययनको आधारमा शितगंगा नगरकार्यपालिकाले प्रत्येक वर्षको गाई तथा भैंसीको प्रोफाइल तयार गरी वार्षिक नगरशभा पेश गर्नेछ ।

**अनुदानको ढाँचा**

| शि. नं. | अनुदान शिर्षक | शितगंगा नगरकार्यापालिकाबाट प्रदान गरीने अनुदान | कृषक वा कृषक समूह वा कृषि सहकारी | कैफियत |
|---|---|---|---|---|
| १ | गाई भैंसी खरीद | रु ५००० प्रति गाई वा भैंसी | बाँकी रकम | |
| २ | गोठ तथा भकारो सुधार | रु १०००० ।- | बाँकी रकम | |
| ३ | उन्नत घाँस तथा डाले घाँसको बेर्ना | ५० प्रतिशत अनुदान | ५० प्रतिशत | नगरकार्यापालिकाले घाँस तथा बेर्ना खरिद गरी वितरण गरेमा कृषकको खातामा रकम जम्मा नहुने । |
| ४ | उपकरण (घाँस काट्ने मेशीन,मिल्क क्यान) | ५० प्रतिशत अनुदान | ५० प्रतिशत | नगरकार्यपालिकाले उपकरण खरीद गरी वितरण गरेमा कृषकको खातामा रकम जम्मा नहुने । |
| ५ | तालिम | शत प्रतिशत | - | मागको आधारमा तर कम्तिमा १ पटक |
| ६ | भ्रमण | शत प्रतिशत | - | मागको आधारमा तर कम्तिमा १ पटक |
| ७ | आकस्मिक प्राविधिक सेवा | १०० प्रतिशत | - | मागको आधारमा |

## ६.२ बाख्रा पालन

यस कार्यविधि बमोजिम बाख्रापालन गर्न चाहने कृषकहरुले व्यावसायीक बाख्रापालन गर्नका लागि यस नगरपालिकाको कार्यालय वा सम्बन्धित निकायमा विधिवत रुपमा आफ्नो व्यवसाय दर्ता गरेको हुनुपर्नेछ । बाख्रापालन व्यवसाय संचालन गर्नका लागि निजी कृषक, सम्बन्धित पशु पालन समूहले सिफारिस गरेका बढीमा ३ जना पशु पालन समूहका सदस्य तथा सम्बन्धित कृषि तथा पशु सहकारीले सिफारिस गरेका बढीमा ५ जना कृषि तथा पशु सहकारीका सदस्यहरु योग्य हुनेछन् र माउ बाख्राको न्यूनतम संख्या २० हुनुपर्नेछ । यस कार्यविधि बमोजिम अनुदान तथा सहयोग प्राप्त गर्नका लागि बाख्रा पालन शुरुवात गर्न लागेका कृषक/पशु समूहका सदस्य/कृषि तथा पशु सहकारीका सदस्यहरुले प्रथम चौमासिक अवधिभित्र शितगंगा नगरकार्यापालिकाको कार्यालयमा आफ्नो

संक्षिप्त व्यावसायीक योजना पेश गर्नुपर्नेछ । बाख्रा पालन गर्ने कृषकले बाख्राको खोर तथा आहारा )घाँस( को उचित बन्दोबस्त मिलाउनुपर्नेछ र उक्त कार्यको सम्बन्धित वार्ड सदस्य ,पशु प्राविधिक तथा अन्य सरोकारवालाहरुको अवलोकन तथा निरीक्षण पश्चात पशु प्राविधिकको सिफारिस बमोजिम बाख्रापालन गर्नुपर्नेछ र न्यूनतम २ रोपनीमा बाख्राको लागि डाले तथा भूँइघाँस रोप्नुपर्नेछ र माउ बाख्राको बीमा समेत गर्नुपर्नेछ । कृषकले बाख्रापालनको प्राविधिक तथा व्यवस्थापकिय क्रियाकलापको शितगंगा नगरपालिकाले उपलब्ध गराएको बाख्रापालन लगबुक/रेकर्ड बुक व्यवस्थित किसिमबाट राख्नुपर्नेछ ।

बाख्रापालनको लागि अनुदान पाउनको लागि कृषकले सम्बन्धित वार्ड सदस्यको सिफारिस, वार्ड कार्यालयको सिफारिस, लगबुक/रेकर्ड बुक ,सम्बन्धित कृषक समूह तथा कृषि सहकारीको सिफारिस तथा आवश्यक बील तथा कागजात सहित निर्दिष्ट फर्मेट अनुसारको विवरण भरी शितगंगा नगरकार्यपालिकाको कार्यालयमा अनुदानको लागि निवेदन पेश गर्नुपर्नेछ । शितगंगा नगरकार्यपालिकाको कार्यालयले उक्त सिफारिस तथा पशु प्राविधिकको स्थलगत प्रतिवेदनको आधारमा निम्नानुसारको अनुदान सम्बन्धित कृषकको बैंक खातामा जम्मा गरिदिने व्यवस्था मिलाउने छ र आवश्यक किसिमको प्राविधिक सहयोग उपलब्ध गराउनेछ । यसरी तपसिल अनुसारको शिर्षकमा उपलब्ध गराइएको अनुदान रकम लगातार तेस्रो वर्षसम्म मात्र प्रदान गरीनेछ । यसरी गरीएको बाख्रापालनबाट कम्तिमा प्रति वर्ष १५० केजी मासु उत्पादन भएको हुनुपर्नेछ । बाख्रापालन . गर्ने कृषकले प्रत्येक वर्षको पहिलो चौमासिक अवधिभित्र नगरपालिकाको निर्दिष्ट फर्मेटमा आफ्नो बाख्रापालनको अवस्था र प्रगति प्रतिवेदन सम्बन्धित वार्ड कार्यालय तथा शितगंगा नगरकार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ भने प्रत्येक वर्षको व्यावसायिक योजना समेत पेश गर्नुपर्नेछ । यसरी प्राप्त प्रगति विवरण तथा स्थलगत अवलोकन तथा अध्ययनको आधारमा शितगंगा नगरकार्यापालिकाले प्रत्येक वर्षको बाख्रापालनको प्रोफाइल तयार गरी वार्षिक नगरशभाभा पेश गर्नेछ ।

**अनुदानको ढाँचा**

| शि. नं. | अनुदान शिर्षक | शितगंगा नगरकार्यापालिका बाट अनुदान | कृषक | कैफियत |
|---|---|---|---|---|
| १ | खोर सुधार | रु १०००० ।- | बाँकी रकम | |
| २ | उन्नत घाँस तथा डाले घाँसको बेर्ना | ५० प्रतिशत अनुदान | ५० प्रतिशत | नगरकार्यापालिकाले घाँस तथा बेर्ना खरिद गरी वितरण गरेमा कृषकको खातामा रकम जम्मा नहुने । |
| ३ | उपकरण | ५० प्रतिशत अनुदान | ५० प्रतिशत | नगरकार्यपालिकाले उपकरण खरीद गरी वितरण गरेमा कृषकको खातामा रकम जम्मा नहुने । |

| | | | | |
|---|---|---|---|---|
| ४ | तालिम | शत प्रतिशत | - | मागको आधारमा तर कम्तिमा १ पटक |
| ५ | भ्रमण | शत प्रतिशत | - | मागको आधारमा तर कम्तिमा १ पटक |
| ६ | आकस्मिक प्राविधिक सेवा | १०० प्रतिशत | - | मागको आधारमा |
| ७ | प्रोत्साहन अनुदान | रु ५० प्रति के जी जिवित मासु | | |

## ७. मत्स्यपालन

विषयगत उद्धेश्यः आधुनिक मत्स्यपालनको विस्तार गरी नगरपालिकालाइ माछामा आत्मनिर्भर बनाउने साथै कृषि पर्यटनको विकासमा सहयोग पुर्याउने ।

यस कार्यविधि बमोजिम व्यावसायिक रुपमा मत्स्यपालन गर्नका लागि यस नगरपालिकाको कार्यालय वा सम्बन्धित निकायमा विधिवत रुपमा आफ्नो व्यवसाय दर्ता गरेको हुनुपर्नेछ । मत्स्यपालन व्यवसाय संचालन गर्नका लागि निजी कृषक, सम्बन्धित मत्स्य पालन समूहले सिफारिस गरेका बढीमा ३ जना मत्स्यपालन समूहका सदस्य तथा सम्बन्धित कृषि तथा पशु सहकारीले सिफारिस गरेका बढीमा ५ जना कृषि तथा पशु सहकारीका सदस्यहरु योग्य हुनेछन् र न्यूनतम २ रोपनी क्षेत्रफलमा मत्स्य पालन गरेको हुनुपर्नेछ । यस कार्यविधि बमोजिम अनुदान तथा सहयोग प्राप्त गर्नका लागि मत्स्य पालन शुरुवात गर्न लागेका कृषक/मत्स्य समूहका सदस्य/कृषि तथा पशु सहकारीका सदस्यहरुले प्रथम चौमासिक अवधिभित्र शितगंगा नगरकार्यपालिकाको कार्यालयमा आफ्नो संक्षिप्त व्यावसायीक योजना पेश गर्नुपर्नेछ ।मत्स्य पालन गर्ने कृषकले माछापालनको लागि पोखरी तथा माछा आहाराको उचित बन्दोबस्त मिलाउनुपर्नेछ र उक्त कार्यको सम्बन्धित वार्ड सदस्य ,प्राविधिक तथा अन्य सरोकारवालाहरुको अवलोकन तथा निरीक्षण पश्चात प्राविधिकको सिफारिस बमोजिम मत्स्य पालन गर्नुपर्नेछ र माछा तथा पोखरीको बीमा समेत गर्नुपर्नेछ । कृषकले मत्स्य पालनको प्राविधिक तथा व्यवस्थापकिय क्रियाकलापको शितगंगा नगरपालिकाले उपलब्ध गराएको मत्स्यपालन लगबुक/रेकर्ड बुक व्यवस्थित किसिमबाट राख्नुपर्नेछ ।

मत्स्य पालनका लागि अनुदान पाउनको लागि कृषकले सम्बन्धित वार्ड सदस्यको सिफारिस, वार्ड कार्यालयको सिफारिस, लगबुक/रेकर्ड बुक ,सम्बन्धित मत्स्यपालन कृषक समूह तथा कृषि तथा पशु सहकारीको सिफारिस तथा आवश्यक बील तथा कागजात सहित निर्दिष्ट फर्मेट अनुसारको विवरण भरी शितगंगा नगरकार्यपालिकाको कार्यालयमा अनुदानको लागि निवेदन पेश गर्नुपर्नेछ । शितगंगा नगरकार्यपालिकाको कार्यालयले उक्त सिफारिस तथा प्राविधिकको स्थलगत प्रतिवेदनको आधारमा निम्नानुसारको अनुदान सम्बन्धित कृषकको बैंक खातामा जम्मा गरिदिने व्यवस्था मिलाउनेछ र आवश्यक किसिमको प्राविधिक सहयोग उपलब्ध गराउनेछ । यसरी तपसिल अनुसारको शिर्षकमा उपलब्ध गराइएको अनुदान रकम लगातार तेस्रो वर्षसम्म मात्र प्रदान गरीनेछ । यसरी गरीएको

मत्स्यपालन बाट कम्तिमा प्रति वर्ष न्युनतम २०० के जी माछा उत्पादन भएको.हुनुपर्नेछ । मत्स्य पालन गर्ने कृषकले प्रत्येक वर्षको पहिलो चौमासिक अवधिभित्र नगरपालिकाको निर्दिष्ट फर्मेटमा आफ्नो मत्स्य पालनको अवस्था र प्रगति प्रतिवेदन सम्बन्धित वार्ड कार्यालय तथा शितगंगा नगरपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ भने प्रत्येक वर्षको व्यावसायिक योजना समेत पेश गर्नुपर्नेछ । यसरी प्राप्त प्रगति विवरण तथा स्थलगत अवलोकन तथा अध्ययनको आधारमा शितगंगा नगरकार्यापालिकाले प्रत्येक वर्षको मत्स्यपालनको प्रोफाइल तयार गरी वार्षिक नगरशभाभा पेश गर्नेछ ।

**अनुदानको ढाँचा**

| शि.नं. | अनुदान शिर्षक | शितगंगा नगरकार्यापालिकाबाट प्रदान गरीने अनुदान | कृषक वा कृषक समूह वा कृषि सहकारी | कैफियत |
|---|---|---|---|---|
| १ | माछाको भूरा खरीद तथा ढुवानी | ५० प्रतिशत | बाँकी रकम | |
| २ | पोखरी निर्माण | प्रति रोपनी रु १००००।- | बाँकी रकम | |
| ३ | उपकरण | ५० प्रतिशत अनुदान | ५० प्रतिशत | नगरकार्यपालिकाले उपकरण खरीद गरी वितरण गरेमा कृषकको खातामा रकम जम्मा नहुने । |
| ४ | तालिम | शत प्रतिशत | - | मागको आधारमा तर कम्तिमा १ पटक |
| ५ | भ्रमण | शत प्रतिशत | - | मागको आधारमा तर कम्तिमा १ पटक |
| ६ | आकस्मिक प्राविधिक सेवा | १०० प्रतिशत | - | मागको आधारमा |

७.१ शितखोला, गंगाखोला, मन्द्रेखोला र कुसुमखोलामा ट्राउट माछापालन व्यवसाय प्रवर्द्धन गर्न संरचना निर्माणस्थलसम्म सडक पहुच, विद्युत विस्तारमा तथा पोखरी निर्माण गर्न नगरपालिकाले सहयोग उपलब्ध गराउने छ ।

## ८. नर्सरी स्थापना तथा संचालन

विषयगत उदेश्य : स्थानिय स्तरमा बाह्रैमहिना तरकारी  फलफुल पुष्प कफि तथा उन्नत घाँसको उत्पादनको लागि नर्सरीको स्थापना तथा संचालन गरी गुणस्तरीय बेर्ना सर्वसुलभ रुपमा उपलब्ध गराउनको लागि उक्त नर्सरीहरुलाइ स्रोत केन्द्रको रुपमा स्थापित गर्ने ।

उपर्युक्त उद्धेश्यहरु प्राप्त गर्नका तरकारी, फलफुल तथा कफिको व्यवसायिक नर्सरी स्थापना तथा संचालनको लागि  निम्न अनुसारको अनुदान प्रदान गरीनेछ।शितगंगा नगरकार्यपालिकाले तरकारी तथा फलफुलको नर्सरी स्थापना तथा संचालन गर्नका लागि विधिवत रुपमा दर्ता भएका निजी फर्म तथा नर्सरी धनीहरुलाइ  तपसिल अनुसारको अनुदान उपलब्ध गराउनेछ । यसरी अनुदान प्राप्त गर्नका लागि तोकिएबमोजिमको न्युनतम बेर्ना उत्पादन गरेको हुनुपर्नेछ ।

यस कार्यविधि बमोजिम तरकारी,फलफुल कफि पुष्प तथा घाँसको नर्सरी स्थापना तथा संचालन  गर्न चाहने कृषकहरुले व्यावसायीक रुपमा  नर्सरी संचालन गरी उपर्युक्त बालीका उन्नत बेर्ना उत्पादन गर्नका लागि यस नगरपालिकाको कार्यालय वा सम्बन्धित निकायमा विधिवत रुपमा आफ्नो व्यवसाय दर्ता गरेको  हुनुपर्नेछ । नर्सरी स्थापना तथा संचालन  गर्नका लागि निजी कृषक, सम्बन्धित कृषक समूहपशु/ पालन समूहले सिफारिस गरेका बढीमा ३ जना  समूहका सदस्य  तथा सम्बन्धित कृषि तथा  पशु सहकारीले  सिफारिस गरेका बढीमा ५ जना कृषि तथा पशु सहकारीका सदस्यहरु योग्य हुनेछन् र  न्यूनतम  १ रोपनी क्षेत्रफलमा  नर्सरी स्थापना गरेको  हुनुपर्नेछ ।  यस कार्यविधि बमोजिम अनुदान तथा सहयोग प्राप्त गर्नका लागि  नर्सरी व्ववसाय शुरुवात गर्न लागेका  कृषक/पशु समूहका सदस्य/कृषि तथा पशु सहकारीका सदस्यहरुले प्रथम चौमासिक अवधिभित्र शितगंगा नगरकार्यपालिकाको कार्यालयमा आफ्नो संक्षिप्त व्यावसायिक योजना पेश गर्नुपर्नेछ । नर्सरी व्यवसाय संचालन  गर्ने कृषकले  नर्सरी स्थापनाको लागि उपयुक्त जमिन र  सिंचाइको लागि  उचित बन्दोबस्त मिलाउनुपर्नेछ र  उक्त कार्यको सम्बन्धित वार्ड सदस्य ,कृषि प्राविधिक/पशु प्राविधिक तथा अन्य सरोकारवालाहरुको अवलोकन तथा निरीक्षण पश्चात प्राविधिकको सिफारिस बमोजिम नर्सरी स्थापना पालन गर्नुपर्नेछ । कृषकले नर्सरीको  प्राविधिक तथा व्यवस्थापकिय क्रियाकलापको शितगंगा नगरपालिकाले उपलब्ध गराएको नर्सरी लगबुक/रेकर्ड बुक व्यवस्थित किसिमबाट राख्नुपर्नेछ । यसरी स्थापना तथा संचालन गरीएको नर्सरीबाट  तपशिल अनुसारको न्युनतम बेर्ना उत्पादन भएको हुनुपर्नेछ । कुनै व्यवसायीले तपशिल अनुसारका १ भन्दा बढी किसिमको नर्सरी स्थापना र संचालन गरेको खण्डमा २ किसिमको नर्सरीलाइ मात्र अनुदान प्रकृयामा शमावेश गरीनेछ ।

नर्सरी स्थापना तथा  संचालनका  लागि अनुदान पाउनको लागि कृषकले सम्बन्धित वार्ड सदस्यको सिफारिस, वार्ड कार्यालयको सिफारिस, लगबुक/रेकर्ड बुक ,सम्बन्धित कृषक समूह तथा कृषि तथा पशु सहकारीको सिफारिस  तथा आवश्यक  बील तथा कागजात सहित निर्दिष्ट फर्मेट अनुसारको विवरण भरी आषाढ १५ गते भित्र शितगंगा नगरकार्यपालिकाको कार्यालयमा अनुदानको लागि निवेदन पेश गर्नुपर्नेछ । शितगंगा नगरकार्यपालिकाको कार्यालयले उक्त सिफारिस तथा  प्राविधिकको स्थलगत प्रतिवेदनको आधारमा निम्नानुसारको अनुदान सम्बन्धित कृषकको बैंक खातामा जम्मा गरिदिने व्यवस्था मिलाउने छ  र आवश्यक किसिमको प्राविधिक सहयोग उपलब्ध गराउनेछ । यसरी तपसिल अनुसारको शिर्षकमा उपलब्ध गराइएको अनुदान रकम लगातार तेस्रो वर्षसम्म मात्र प्रदान गरीनेछ । नर्सरी

स्थापना तथा संचालन गर्ने कृषकले प्रत्येक वर्षको पहिलो चौमासिक अवधिभित्र नगरपालिकाको निर्दिष्ट फर्मेटमा आफ्नो नर्सरीको अवस्था र प्रगति प्रतिवेदन सम्बन्धित वार्ड कार्यालय तथा शितगंगा नगरपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ भने प्रत्येक वर्षको व्यावसायिक योजना समेत पेश गर्नुपर्नेछ । यसरी प्राप्त प्रगति विवरण तथा स्थलगत अवलोकन तथा अध्ययनको आधारमा शितगंगा नगरकार्यपालिकाले प्रत्येक वर्षको नर्सरीको प्रोफाइल तयार गरी वार्षिक नगरशभामा पेश गर्नेछ ।

**८.१ तरकारी नर्सरी**

| नर्सरीको किसिम | क्षमता बेर्ना उत्पादन प्रति वर्ष | अनुदान | प्रोत्साहन अनुदान रकम रु | | |
|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष |
| साना नर्सरी | २०००० देखी ३०००० | बीउमा ५० प्रतिशत मल (सुक्ष्म खाधतत्व) मा ५० प्रतिशत | २०००० | १०००० | ५००० |
| मध्यम स्तरको नर्सरी | ३०००० देखी ५०००० | बीउमा ५० प्रतिशत मलमा ५० प्रतिशत | ३०००० | २०००० | १०००० |
| ठूला नर्सरी | ५०००० भन्दा बढी | बीउमा ५० प्रतिशत मलमा ५० प्रतिशत | ५०००० | ३०००० | २०००० |

**८.२ फलफुल / कफीको नर्सरी**

| नर्सरीको किसिम | क्षमता बेर्ना उत्पादन प्रति वर्ष | अनुदान | प्रोत्साहन अनुदान रकम रु | | |
|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष |
| साना नर्सरी | ५००० देखी ७००० | मलमा (सुक्ष्म खाधतत्व) ५० प्रतिशत,सामाग्री तथा उपकरणमा ५० प्रतिशत | ३०००० | २०००० | १०००० |
| मध्यम स्तरको नर्सरी | ७००० देखी १२००० | मलमा (सुक्ष्म खाधतत्व) प्रतिशत सामाग्री तथा उपकरणमा ७५ प्रतिशत | ४०००० | ३०००० | २०००० |
| ठूला नर्सरी | १२००० भन्दा बढी | मलमा (सुक्ष्म खाधतत्व) ५० प्रतिशत ,सामाग्री तथा उपकरणमा ९० प्रतिशत | ५०००० | ४०००० | २०००० |

**८.३ पुष्प नर्सरी**

| नर्सरीको किसिम | क्षमता बेर्ना उत्पादन प्रति वर्ष | अनुदान | प्रोत्साहन अनुदान रकम रु | | |
|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष |

| | | | | | |
|---|---|---|---|---|---|
| साना नर्सरी | ५०० देखी १००० | मलमा (सुक्ष्म खाधतत्व) ५० प्रतिशत,सामाग्री तथा उपकरणमा ५० प्रतिशत | ३०००० | २०००० | १०००० |
| मध्यम स्तरको नर्सरी | १००० देखी २००० | मलमा (सुक्ष्म खाधतत्व) ५० प्रतिशत सामाग्री तथा उपकरणमा ५० प्रतिशत | ४०००० | ३०००० | २०००० |
| ठूला नर्सरी | २००० भन्दा बढी | मलमा (सुक्ष्म खाधतत्व) ५० प्रतिशत ,सामाग्री तथा उपकरणमा ९० प्रतिशत | ५०००० | ४०००० | ३०००० |

**८.४ घाँसको नर्सरी (डाले घाँस तथा भूँइघाँस)**

| नर्सरीको किसिम | क्षमता बेर्ना उत्पादन प्रति वर्ष | अनुदान | प्रोत्साहन अनुदान रकम रु | | |
|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष |
| साना नर्सरी | ५००० देखी ७००० वा १ देखी २ रोपनि क्षेत्रफल (भूंइघाँस) | मलमा (सुक्ष्म खाधतत्व) ५० प्रतिशत ,सामाग्री तथा उपकरणमा ५० प्रतिशत | ३०००० | २०००० | १०००० |
| मध्यम स्तरको नर्सरी | ७००० देखी १२००० वा २ भन्दा बढी रोपनी )भूंइघाँस( | मलमा (सुक्ष्म खाधतत्व) ५० प्रतिशत सामाग्री तथा उपकरणमा ७५ प्रतिशत | ४०००० | ३०००० | २०००० |
| ठूला नर्सरी | १२००० भन्दा बढी वा ४ रोपनि भन्दा बढी क्षेत्रफल )भूंइघाँस( | मलमा (सुक्ष्म खाधतत्व) सामाग्री तथा उपकरणमा ९० प्रतिशत | ५०००० | ४०००० | २०००० |

## परिच्छेद - ७
## व्यवस्थपान समिति

अनुदान व्यवस्थापन गर्न नगरपालिकामा निम्न बमोजिमको व्यवस्थापन समिति रहनेछ ।

नगरप्रमुख - अध्यक्ष

नगरउप-प्रमुख - सदस्य

पुर्बाधार विकास समिति संयोजक - सदस्य

आर्थिक विकास समितिको संयोजक - सदस्य

प्रमुख प्रशासकीय अधिकृत - सदस्य

कृषि विकास शाखा प्रमुख - सदस्य सचिव

## परिच्छेद - ८
## अनुगमन तथा मुल्यांकन

क) यस कार्य विधि अनुरुप काम भए नभएको सम्बन्धमा अनुगमन गर्न तपसिल अनुसारको अनुगमन समिति रहने र सो समितिले अनुगमन गरी दिएको प्रतिबेदनको अधारमा अनुदान दिईनछ ।

**तपसिल**

१) कृषि/पशु शाखा प्रमुख — संयोजक

२) सम्बन्धित वडाको वडा सचिब —सदस्य

३) सम्बन्धित वडाको समुह/सहकारिको प्रतिनिधि — सदस्य

४) रोहबर - सम्बन्धित वडाको वडाध्यक्ष वा प्रतिनिधि

ख) यस बमोजिम बितरण भएको अनुदान रकमको जानकारी कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद -९
## संशोधन तथा परिमार्जन

नगर कार्यपालिकाले यो कार्य विधि जुनसुकै समयमा संशोधन तथा परिमार्जन गर्न सकिनेछ।

## परिच्छेद -१०
## खारेजी तथा बचाउ

१- यो कार्यविधि प्रचलित नेपाल सरकारको कानून, प्रदेश सरकारको कानून र शितगंगा नगर कार्यपालिका कानूनसंग बाझिएमा बाझिएको हद सम्म खारेज वा संशोधन हुनेछ ।

२- कृषि अनुदान कार्यविधि २०७५, कृषि अनुदान कार्यविधि २०७५, (पहिलो संसोधन २०७७), कृषि अनुदान कार्यविधि २०७९,पशु पालन अनुदान कार्यविधि २०७५ र कृषि पशु अनुदान वितरण कार्यविधि २०७७ खारेज गरिएको छ ।

# अनुसूची -१

सहकारी वा समूहले नगरपालिकामा पेश गर्नु पर्ने निवेदन का ढाँचा तथा आवश्यक कागजातहरु

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
शितगंगा नगरपालिकाको कार्यालय, ठाडा,अर्घाखाँची ।

बिषयः — उत्पादनमा आधारित अनुदान कार्यक्रम स्वीकृत सम्बन्धमा ।

प्रस्तुत बिषयमा यस नगरपालकाको बार्षिक कार्यक्रम अनुसार उत्पादनमा आधारित अनुदानमा आधारीत कृषि अनुदान कार्यक्रमको लागि सिफारिस गर्न सहकारी/समूह दर्ताका लागि निवेदन माग भए अनुसार यस सहकारी/समुहको मिति................................ बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम उक्त कार्यक्रम सहजीकरणको लागि तपशिलको विवरण सहित यो निवेदन पेश गरेको छु ।

तपशिल

सहकारी/समूहको नाम :

ठेगाना :

दर्ता न. : दर्ता मिति :

पान न. :

शेयर सदस्य संख्या : शेयर रकम :

बचत रकम अन्य रकम :

सहकारीको कुल जम्म रकम :

सदस्यहरुले ब्यवसायिक रुपमा गरेक बालीको नाम......................................

क्षेत्रफल..........

.........................
अध्यक्ष

संलग्न कागजातहरु

१) सहकारीको संचालक समितिबाट उत्पादनमा आधारित अनुदान कार्यक्रम सहजीकरणको लागि नगरपालिकाबाट स्वीकृति लिने निर्णयको प्रतिलिपि
२) सहकारी दर्ता प्रमाण पत्र, पान न.को प्रमाण पत्र प्रतिलिपि

# अनुसुची २

# सहकारीबाट अनुदान माग फारम

सहकारीको नामः

ठेगानाः

विवरणको अवधिः ......................देखि......................सम्म

| क्र.स | विक्रि मिति | कृषकको नाम | समुहकोको नामा | क्षेत्रफल/ संख्या | बाली | जम्मा उत्पादन | जम्मा रकम रु. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| जम्मा | | | | | | | |

अनुदान प्राप्त गर्ने  कृषकको संख्या........

विक्री गरिएको संख्या................

विक्रि जम्मा के.जी......................

माग गरिएको रकम रु............................

| | |
|---|---|
| विवरण तयार गर्ने को हस्ताक्षर | प्रमाणित गर्नेको हस्ताक्षर |
| विवरण तयार गर्नेको नामः | प्रमाणित गर्नेको नामः |
| विवरण तयार गर्नेको पद | प्रमाणित गर्नेको पदः |
| मितिः | मितिः |

## अनुसूची - ३

१. फर्म/ कृषक समुह/ सहकारीले प्यानमा दर्ता भई कम्तिमा दुई बर्ष देखि निरन्तर रुपमा कृषि कार्य गरिरहेको हुनु पर्ने छ ।

२. कम्तिमा १० रोपनी क्षेत्रफलमा ब्यावसायिक रुपमा कृषि कार्य गरेको हुनु पर्ने छ ।

३. कृषि कार्य मार्फत रोजगारि तथा बजारिकरण तर्फ उन्मुख भएको हुनुपर्ने छ ।

४ अनुदान प्राप्त गर्न यस नगरपालिकाको कृषि विकास शाखामा दर्ता तथा सूचिकरण भएको हुनु पर्ने छ।

५. अनुदान प्राप्त गर्न कम्तिमा १० बर्ष ब्यवसायिक रुपमा कृषि कार्य निरन्तर गर्न प्रतिद्धता पेश गर्नुका साथै कार्ययोजना हुनु पर्ने ।

६. वडा कार्यालयको सिफारिसमा नगर कार्यपालिकामा पेश गर्नु पर्ने ।

७. यस नगरपालिकाको कृषि विकास शाखको फिल्ड अनुगमन पश्चयात प्रतिबेदन तथा सिफारीसको आधारमा अनुदान उपलब्ध गराईने ।

**प्रमाणिकरण मिति : २०८०/०३/१३**

**आज्ञाले**
**झविन्द्र खनाल**
**प्रमुख प्रशासकीय अधिकृत**